का.जि.प्र.का.द.नं. १००/०५९/६०

४ माघ २०७९,
बुधबार
18 January 2023,
Wednesday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक ३३३ । पृष्ठ २०    Madhyanha National Daily    www.madhyanhadaily.com






# प्रचण्डका २२ सारथी
## दुई तिहाइ नयाँ अनुहार

२३ सदस्यीय मन्त्रिपरिषद्मा अधिकांश नयाँ अनुहार समेटिएका छन् । राजनीतिमा स्थापित भए पनि अवसर नपाएका नयाँ र युवालाई मन्त्रिपरिषद्मा दुई तिहाइ स्थान दिएर प्रधानमन्त्रीले सकारात्मक सुरुवात गरेका छन् ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ३ माघ ।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले मन्त्रिपरिषद् विस्तार गरेका छन् । मंगलबार उपप्रधानमन्त्री तथा ऊर्जामन्त्री राजेन्द्र लिङ्देनसहित १२ मन्त्री र २ राज्यमन्त्रीले शपथग्रहण गरे । प्रचण्ड नेतृत्वको २३ सदस्यीय मन्त्रिपरिषद्मा १५ जना नयाँ अनुहार छन् ।

उपप्रधानमन्त्री चार जना छन् । उपप्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेल, उपप्रधान तथा भौतिक पूर्वाधार तथा यातायातमन्त्री नारायणकाजी श्रेष्ठ, उपप्रधान तथा गृहमन्त्री रबि लामिछाने छन् । मंगलबार राजेन्द्र लिङ्देन उपप्रधानमन्त्री – बाँकी पृष्ठ २ मा

## अर्थतन्त्रमा सुधारको आशा

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, ४ माघ ।

करिब आधादर्जन दललाई मिलाएर पन्ध्र जना नयाँ अनुहारलाई मन्त्रिपरिषद्मा समावेश गराएपछि अर्थतन्त्र सुधार हुनेबारे चर्चा चल्न थालेको छ ।

पटकपटक दोहोरिने र विषय विज्ञ समेत नहुँदा अघिल्ला मन्त्रीहरुले काम गर्न नसकेपनि प्रचण्ड नेतृत्वको सरकारले समग्र अर्थतन्त्र सुधारमा योगदान दिने आशा गर्न थालिएको हो ।। तर, प्रधानमन्त्री भएको एक महिनाको अवधिमा प्रचण्ड र अर्थमन्त्री विष्णु पौडेलले प्रशासनिक खर्च घटाउन र पूँजीगत खर्च बढाउने पहल गरेका छैनन् । तसर्थ, पनि अर्थतन्त्र सुधारमा यो सरकारको उल्लेख्य भूमिका नरहने – बाँकी पृष्ठ २ मा

**विपक्षी दलको नेता को ?**

## कांग्रेसले निम्त्याएको संकट

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, ३ माघ ।

मंगलबार प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारमा आफूलाई विश्वासको मत दिने दलहरुको बैठक राखेका थिए । प्रधानमन्त्री प्रचण्डको सचिवालयका अनुसार बैठकमा सबै दलले आफ्ना कुरा राखे ।

तर, रोचक विषय कांग्रेस सभापति शेरबहादुर देउवाको रह्यो । देउवाले आफूहरू प्रमुख प्रतिपक्षी दलको रुपमा बैठकमा सहभागी भएको मात्रै बताएनन् आफू नै प्रमुख विपक्षी दलको नेता भएको बताए ।

बैठकपछि कांग्रेसका प्रमुख सचेतक रमेश लेखकले पत्रकारहरूसित भने, 'हामीले प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेस रहेको र कांग्रेस सभापति – बाँकी पृष्ठ २ मा



प्रमुख विपक्षी दलको नेतामा कांग्रेस सभापति शेरबहादुर देउवा र नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालले दाबी प्रस्तुत गरेका छन् ।

## सभामुखको मनोनयन दर्ता आज

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ३ माघ ।

संघीय संसद्को सभामुखका लागि मनोनयन दर्ता आज हुँदैछ । संघीय संसद सचिवालयले ५ माघमा हुन लागेको प्रतिनिधि – बाँकी पृष्ठ २ मा

## हार्दिक निमन्त्रणा

आदरणीय वैदेशिक रोजगार व्यवसायी ज्यूहरू,
नेपाल वैदेशिक रोजगार व्यवसायी संघको मिति २०७९ माघ ०६ गते सम्पन हुन गइरहेको निर्वाचनका लागि संयुक्त लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी, भुवनसिंह गुरुङ समूहको तर्फबाट कोटेश्वर, नयाँबानेश्वर, सिनामंगल, म्यानपावर बजार र गौशाला क्षेत्रका व्यवसायीहरुसँग चुनाव केन्द्रित छलफल र भेटघाटको आयोजना गरिएकोले निम्न मिति, स्थान र समयमा आयोजना हुन गइरहेको सहर्ष जानकारी गराउँदै उक्त सभालाई सफलतापूर्वक सम्पन्न गराउन यहाँहरुको सक्रिय सहभागिताका लागि हार्दिक निमन्त्रणा गर्दछौं ।

स्थान : ईलाभेन रेष्ट्रो सिनामंगल ।
मिति : २०७९/१०/04 गते (आजै)
समय : दिउँसो ३:00 बजे

दानबहादुर बुढाथोकी
संयोजक
चुनाव प्रचार प्रसार समिति
संयुक्त लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी समुह

**वैदेशिक रोजगार विशेष**

## संघ निर्वाचनको मुखमा प्यानलका चुनावी प्रचार तीव्र

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३ पुस

आगामी माघ ६ गते हुन गइरहेको नेपाल वैदेशिक रोजगार व्यवसायी संघको निर्वाचनका लागि प्रचार प्रसार तीव्र भएको छ । यस क्रममा प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालका अध्यक्ष राजेन्द्र भण्डारी प्यानलले ललितपुरमा व्यावसायिक छलफल तथा भेला सम्पन्न गरेको छ भने डा. ईश्वर जिसीले नेतृत्व गरेको वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्च र एकीकृत वैदेशिक रोजगार व्यवसायी संगठनको संयुक्त प्यानलले सामाखुशीमा व्यवसायीहरुसँग अन्तरक्रिया सम्पन्न गरेको छ ।

यस्तै संयुक्त लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी समूहका भुवन सिंह गुरुङको प्यानलले बसुन्धरामा उम्पेदवार घोषणा सहितको चुनावी सभा सम्पन्न गरेको छ ।

प्रगतिशील मञ्चले रीभाईभ लेजर पार्क, महालक्ष्मीस्थान ललितपुरमा बुधबार साँझ गरेको कार्यक्रममा संघ अध्यक्षका उम्मेदवार भण्डारीले संघ कार्यसमितिको निर्वाचनमा आफ्नो प्यानलको उम्मेदवारीका विषयमा प्रकाश पारेका थिए ।

सरकारले वैदेशिक रोजगारका क्षेत्रमाथि धेरै नियन्त्रणमुखी, अपारदर्शी एवं अव्यवहारिक निर्णय लादेको तर नेपाल वैदेशिक रोजगार संस्थागत हुन नसकेका कारणले लामो समयसम्म पनि समस्याको समाधान हुन नसकेको भन्दै संघको प्रभावकारिताका लागि पनि प्रगतिशील प्यानलको जित आवश्यक भएको दाबी गरे ।

बिना अध्ययन फ्रि भिसा फ्रि टिकटको निर्णय लागू गरेको लामो समयसम्म पनि त्यसको पुनरावलोकन नगरेका कारण व्यवसायी समस्यामा परेकाले व्यवसायीले पाउने सेवा शुल्क परिमार्जन आफ्नो प्रमुख एजेण्डा रहेको उनले बताए ।

व्यवसायी शुक्र पाखिनको सभापतित्वमा सम्पन्न राजेन्द्र भण्डारी समूहको ललितपुर व्यावसायी भेलामा प्यानलका अन्य उम्मेदवारहरुको परिचय गराइएको थियो ।

मञ्चले अरोरा ह्युमन रिसोर्स प्रा.लि.का सञ्चालक राजेन्द्र भण्डारीको नेतृत्वमा ओमेगा पावर माइण्डस प्रा.लि.का सञ्चालक – बाँकी पृष्ठ २ मा

## वैदेशिक रोजगार शून्यमा झार्ने नयाँ श्रममन्त्रीको उद्घोष

**काठमाडौं/रासस–** नवनियुक्त श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री डोलप्रसाद अर्यालले बाध्यकारी वैदेशिक रोजगारी अन्त्य सरकारको प्राथमिकता रहेको बताएका छन् । श्रममन्त्रीको शपथपछि मन्त्रालयमा पदवहालीका क्रममा सञ्चारकर्मीसँग मन्त्री अर्यालले नेपालीहरुलाई विदेश जाने अवस्था न्यूनीकरण गरेर शून्यमा पुर्‍याउने बताए ।

नेपालमै रोजगारी सिर्जना गर्ने प्रतिबद्धता व्यक्त गर्दै मन्त्री अर्यालले भने, 'नेपाली नागरिकले जबसम्म स्वदेशमै – बाँकी पृष्ठ २ मा

## हार्दिक निमन्त्रणा ! हार्दिक निमन्त्रणा !! हार्दिक निमन्त्रणा !!!

आदरणीय व्यवसायीज्यूहरू,
नेपाल वैदेशिक रोजगार व्यवसायी संघको मिति २०७९ माघ ६ गते सम्पन्न हुन गईरहेको २९ औं साधारण सभा तथा निर्वाचनमा राजेन्द्र भण्डारी अध्यक्ष उम्मेदवार रहेको व्यवसायिक समुहको तपशिल बमोजिमको स्थान, मिति र समयमा हुने व्यवसायी भेला तथा चुनावी सभामा यहाँहरुको उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं ।

स्थान : बसुन्धरा व्याङ्क्वेट, बसुन्धरा
मिति : २०७९ माघ ४ गते बुधबार (आज)
समय : दिउँसो २:00 बजे

सरोज कुमार पोखरेल
संयोजक
निर्वाचन परिचालन मूल व्यवस्थापन कमिटी
(राजेन्द्र भण्डारी समूह)

मध्यान्ह
www.madhyanhadaily.com
४ माघ २०७९, बुधबार
18 January 2023, Wednesday

# ‘सेवा प्रवाह पहिलो प्राथमिकता’



काठमाडौं/मस–नवनियुक्त परराष्ट्रमन्त्री डा.विमला राई पौड्यालले मन्त्रालयबाट जनतालाई प्रवाह हुने सेवा सुविधालाई सहज र प्रभावकारी बनाउने बताएकी छन् ।

मन्त्रालयमा पदस्थापनका क्रममा सञ्चारकर्मीसँग कुरा गर्दै उनले भनिन्, ‘मेरो पहिलो प्राथमिकता भनेको मन्त्रालयबाट जनतालाई हुने सेवा प्रवाह सहज बनाउने हो ।’ साथै उनले नेपालस्थित विदेशी कूटनीतिक नियोगसँग कसरी समन्वयमा काम गर्ने र आफ्नो राष्ट्रिय स्वार्थमा सम्झौता नगरी कसरी बढी लाभ लिन सकिन्छ भनेर द्विपक्षीय सम्बन्ध सुदृढ बनाउने विषय पनि प्राथमिकतामा रहेको बताइन् ।

नवनियुक्त मन्त्री पौड्यालले विदेशमा रहेका नेपाली नियोगमा नेपालीलाई सहज पहुँच बनाई कुनैपनि व्यक्ति दूतावास जाँदा घरमा आएको अनुभव हुने गरी पहुँच र सहजता प्रदान गर्ने गरी काम गर्ने प्रतिबद्धता व्यक्त गरिन् । सीमा विवाद समाधानसम्बन्धी सञ्चारकर्मीको जिज्ञासामा उनले सबैसँग अध्ययन र छलफल गरेर सो विषयमा अघि बढ्ने धारणा व्यक्त गरिन् ।

उनले हाम्रो परराष्ट्र नीति ‘असंलग्न परराष्ट्र नीति’ भएको बताउँदै सो नीति नै पहिलेदेखि पालना गर्दै आएको उल्लेख गरिन् । उनले भनिन्, ‘त्यसलाई व्याख्या गर्ने क्रममा दलहरुबीच फरक पर्न सक्छ, तर हाम्रो नीति त्यही हो, हालको परराष्ट्र नीतिलाई नै साझा बनाएर अघि बढने हो, व्यक्तिपिच्छे परराष्ट्र नीति हुनुहुँदैन ।’

अन्तर्राष्ट्रिय मञ्चमा नेपालको भूमिका प्रभावकारी बनाउने आफ्नो अर्को प्राथमिकताको विषय भएको बताउँदै मन्त्री पौड्यालले भनिन्, ‘अन्तर्राष्ट्रिय मञ्चमा हामी जसरी प्रस्तुत हुन्छौं, नेपालको छवि पनि त्यही हुन्छ । नेपालको छवि सुदृढ बनाउने गरी अघि बढ्छौं ।’

उनले पदस्थापनका क्रममा श्रीलङ्कासँग ‘फरेन सर्भिस ट्रेनिङ इन्स्टिच्यूट’ सहयोग आदानप्रदानसम्बन्धी समझदारी पत्रको म्याद थप गर्ने आफ्नो पहिलो निर्णयमा हस्ताक्षर गरिन् । यसअघि सन् २०१८ मा भएको उक्त समझदारी पत्रको अहिले म्याद सकिन लागेकाले त्यसलाई आगामी चार वर्षका लागि म्याद थप गर्ने निर्णय सदर गरिएको मन्त्रालयले जनाएको छ ।

# न्यायको खोजीमा सीमा कर्ण

**राजेन्द्र महतो/मध्यान्ह**
सिरहा, ३ माघ

सिरहाको गोलबजार नगर पालिका-९ डाँडा टोल घर भएकी सिमा कर्ण विवाह भएको करिब ४ वर्ष नबित्दै २ वर्षीय नाबालक छोरा अनुप कर्णलाई काखी च्यापेर न्यायको ढोका चाहर्न थालेकी छिन् । २०७५ फागुन १० गते सामाजिक परम्परा अनुसार सप्तरीको अग्निसाईर कृष्ण सावरण गाउँपालिका वडा नं. ६ का पंकज कुमार कर्णसँग सामाजिक परम्परा अनुसार बिहे भएको थियो ।

बिहे भएको करिब ३ महिना नबित्दै दाईजोको शिकारमा परिन सीमा । ससुराल पक्षले दाईजो माग गर्दै आएको कारण आफूलाई अनेकन पीडा घर परिवारले दिन थालेको उनको आरोप रहेको छ ।

सीमाका अनुसार आफूले स्थानिय स्तरमा गाउँ समाजमा न्यायको लागि पटक पटक माग गर्दा पनि पंकजले नमिल्ने कुरा बताएपछि आफू पटक पटक अपमानित भएको अवस्थामा न्यायको ढोकाको लागि कानूनी प्रक्रिया अन्तर्गत जिल्ला प्रहरी कार्यालय सप्तरीमा निवेदन दिएपनि हालसम्म आफूले कुनै किसिमको न्याय नपाएको हुनाले आफुले न्यायको माग गरेकी मध्यान्ह लाई बताइन ।

करिब २६ वर्षीया सीमाको श्रीमान पंकजसँग आफ्नो नाबालक छोरा लिएर बस्ने चाहना हुँदा हुँदै पनि सीमाको भावनालाई उनका श्रीमानले कुठारा घात गरेको अवस्थामा सीमाले पंकज विरूद्ध सप्तरी जिल्ला अदालत घरेलू हिंसा ०७८-अद्ध -०४९२ मुद्दा दायर गरी मुद्दामा सप्तरी जिल्ला अदालतबाट मिति २०७९ जेष्ठ २३ गतेमा अन्तरिम संरक्षतात्मक आदेश समेत गरिएको छ ।

अदालतको आदेश बमोजिम सीमाले आफ्ना नाबालक छोरा सहित ससुराले घर शान्त वातावरणमा सामान्य जीवन जीउन खोज्दा पंकजले गाली गलौज, लगायतका घरेलु हिंसा जन्य व्यबहार गर्न थालेपछि उनी ४ महिना देखि माइतीको शरणमा पुगेकी बताउँछिन् ।

## प्रचण्डका...

तथा ऊर्जामन्त्री भएका हुन् । सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्मा, सहरी विकासमन्त्रीमा विक्रम पाण्डे छन् । ज्वालाकुमारी साह कृषि तथा पशुपंक्षी विकास, दामोदर भण्डारी उद्योग, वाणिज्य तथा आपूर्ति, राजेन्द्रकुमार राई भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री, अब्दुल खान खानेपानी, डा. विमला राई पौड्याल परराष्ट्रमन्त्री भएका छन् ।

पदम गिरी स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री, भगवती चौधरी महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री, हरिप्रसाद उप्रेती रक्षामन्त्री, सुदन किराती संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री, अमनलाल मोदी सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री, शिशिर खनाल शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री र डोलप्रसाद अर्याल श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री र ध्रुवबहादुर प्रधान कानुन, न्याय तथा संसदीय मामिलामन्त्री भएका छन् । राज्यमन्त्रीमा सुशीला सिर्पाली ठकुरी संस्कृति, पर्यटन तथा नागरिक उड्डयन, डा. तोसिमा कार्कीस्वास्थ्य तथा जनसङ्ख्या र दीपकबहादुर सिंह ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको जिम्मेवारीमा छन् ।

गत पुस १० गते प्रधानमन्त्रीमा नियुक्त भएका प्रचण्डले मंगलबार दोस्रो चरणमा मन्त्रिपरिषद् विस्तार गरेका हुन् । गत पुस ११ गते पद तथा गोपनियताको शपथ लिँदै आठ सदस्यीय मन्त्रिपरिषद् बनाएका थिए । मङ्गलबारको बिस्तारपछि पनि मन्त्रिपरिषद् अझै पूर्ण बन्न सकेको छैन । वन तथा वातावरण र युवा तथा खेलकुद मन्त्रालयको जिम्मेवारी भने प्रधानमन्त्री आफैले लिएका छन् । तर, २३ सदस्यीय मन्त्रिपरिषद्मा अधिकांश नयाँ अनुहार समेटिएका छन् । राजनीतिमा स्थापित भए पनि अवसर नपाएका नयाँ र युवालाई मन्त्रिपरिषद्मा समेटेर प्रधानमन्त्रीले सकारात्मक सुरुवात गरेका छन् ।

नेकपा एमाले, नेकपा माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी र जनमत पार्टीका तर्फबाट सरकारमा सहभागिता रहेको छ । जनता समाजवादी पार्टीबाट पनि मन्त्रिपरिषद्मा सहभागी हुने बताइए पनि अन्तिममा सहभागी भएनन् ।

## अर्थतन्त्रमा...

वरिष्ठ अर्थविद् डा. चन्द्रमणि अधिकारी बताउँछन् ।

‘अबको १० वर्ष नेपालको अर्थतन्त्र गम्भीर जोखिममा छ, रेमिट्यान्सले मात्रै धान्दैन, तसर्थ यो सरकार र संसद्ले अर्थतन्त्र सुधार गर्न सकेन भने हाम्रो अर्थतन्त्र ठूलो जोखिमको अवस्थामा पुग्नेछ, सरोकारवाल अझै जिम्मेवार छैनन्,’ उनले भने । पहिलो चार महिना राजस्व घटेकाले बजेट व्यवस्थापनमा अर्को चुनौती थपिएको उनले बताएका छन् ।

तर, प्रधानमन्त्री प्रचण्डले भने सरकारको अबको एजेण्डा आर्थिक सुधार तथा आर्थिक क्रान्तिको भएको बताएका थिए । उनले अर्थतन्त्रमा देखापरेका तरलता संकूचन, उच्च ब्याजदर, विदेशी मुद्राको सञ्चितिमा परेको दबाब तथा पूँजी बजारमा आएको गिरावटलाई सम्बोधन गरी अर्थतन्त्रलाई गतिशील बनाउने दिशामा लाग्न मन्त्रीहरुलाई निर्देशन समेत दिएका थिए । त्यतिमात्रै होइन, विकास परियोजनाको सार्वजनिक खरिद, परियोजनाहरूको निर्माण तथा सञ्चालनमा देखिएको ढिलाइ, जिम्मेवारी पन्छाउने प्रवृत्ति र निर्माण कार्यको गुणस्तरहीनता हटाउने कार्यमा लाग्ने निर्णय समेत मन्त्रिपरिषद्ले गरेको थियो ।

तर, प्रधानमन्त्री र मन्त्रीहरुले अर्थतन्त्र सुधारको आश्वासन दिएपनि चालु आर्थिक वर्षको ६ महिनामा राजस्व लक्ष्य र प्राप्तिबीचमा करिब २ खर्बको अन्तर भईसकेको छ । अघिल्लो वर्ष पुससम्ममा ५ खर्ब ४२ अर्ब राजस्व उठेको थियो भने यो वर्ष पुसमा ४ खर्ब ५८ अर्बको राजस्व उठेको छ । अघिल्लो वर्षको तुलनामा ३१ प्रतिशत वृद्धि हुने लक्ष्य राखेकोमा पुससम्म आइपुग्दा १६ प्रतिशत कम रहेको छ । साथै देशभरका क्रसर उद्योग बन्द हुँदा विकास निर्माणका काम पनि रोकिएका छन् । बाहिर नयाँ अनुहारलाई लिएर परिवर्तन हुने चर्चा भएपनि विकास निर्माण र अर्थतन्त्र सुधारमा भने यो सरकारबाट सकारात्मक सुधारको अपेक्षा गर्न नसकिएको अर्थविद्हरु बताउँछन् ।

## विपक्षी...

शेरबहादुर देउवा प्रमुख प्रतिपक्षी दलको नेता रहेको कुरा राख्यौं ।’

कांग्रेसले सरकारलाई समर्थन गरेको भन्दै नेपाल नेमकिपाले प्रमुख विपक्षी दलको मान्यता आफूले पाउनुपर्ने दाबी गरिरहेका बेला कांग्रेसले विपक्षी दलको नेताको विषय सर्वदलीय बेठकमा उठाएको हो । अर्थात, प्रमुख विपक्षी दलको नेतामा कांग्रेस सभापति शेरबहादुर देउवा र नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालले दाबी प्रस्तुत गरेका छन् । यो संकट कांग्रेस आफैँले निम्त्याएको हो ।

कांग्रेस संसदको सबैभन्दा ठूलो दल हो । ठूलो दल भएर पनि उसले सरकार बनाउन सकेन । सरकार बनाउन नसकेपछि दोस्रो र तेस्रो दल मिलेर बनेको सरकारलाई विश्वासको मत दिएर सत्तापक्ष भएको छ । तर, सरकारमा सहभागी भएको छैन ।

संघीय संसदका पदाधिकारी तथा सदस्यहरुको-पारिश्रमिक र सुविधासम्बन्धी ऐन २०७३ ले विपक्षी दलको नेताको परिभाषा गरेको छ । जसअनुसार सरकारलाई समर्थन नगर्नेहरुमध्ये सबैभन्दा ठूलो दल प्रमुख विपक्षी दल हुन सक्छ । प्रतिनिधिसभा वा राष्ट्रिय सभामा दश प्रतिशत वा सो भन्दा बढी सदस्यहरु भएको कुनै पनि दल विपक्षमा नभए प्रतिनिधिसभामा सभामुखले र राष्ट्रिय सभामा राष्ट्रिय सभाका अध्यक्षले तोकिदिएको दल प्रमुख प्रतिपक्षी दल हुने व्यवस्था यस ऐनमा छ ।

यसमा नेमकिपाका सांसद सुवालको तर्क छ, ‘विपक्षी दुई दलमध्ये नेमकिपा ठूलो दल हो । त्यसकारण संसदले कानुन अनुसार नेमकिपालाई प्रमुख प्रतिपक्षी दल हो । यसलाई अन्यथा गर्ने छुट कसैलाई छैन ।’

आम चुनावमा समानुपातिकतर्फ नेमकिपाले ७५ हजार १६८ मत पाएको थियो भने राष्ट्रिय जनमोर्चाले ४६ हजार ५०४ मत पाएको थियो । समानुपातिकतर्फ मत पाएको दृष्टिमा नेमकिपा ११ औं ठूलो दल भएको र १० वटा दलले सरकारलाई समर्थन गरेकाले आफूहरुले नै प्रमुख प्रतिपक्षी दलको मान्यता पाउनुपर्ने नेमकिपाको दाबी छ ।

## सभामुखको...

सभाको सभामुख चयनको निर्वाचन तालिका मंगलबार सार्वजनिक गरेको हो ।

तालिकाअनुसार आज दिउँसो ४ बजे प्रस्तावको सूचना दर्ता, ४:१५ बजे उम्मेदवारीको सूचनाको दर्ताक्रमानुसार सूची प्रकाशन गर्ने र बुधबार ११ बजे प्रतिनिधि सभाको बैठकमा सभामुख पदमा निर्वाचित गरियोस् भनि प्रस्तावकले प्रस्ताव गर्ने र समर्थकले समर्थन गर्नेछन् । सभामुखका उम्मेदवारीको सूचनामाथि सामूहिक रूपमा छलफल हुने र दर्ताक्रमानुसार निर्णायार्थ प्रस्तुत हुनेछ ।

सत्ता साझेदार दलहरुका बीचमा एमालेले सभामुख लिने सहमति छ । तर, संसदको सबैभन्दा ठूलो दल कांग्रेसले के गर्ने टुंगो गरेको छैन । कांग्रेस सभापति शेरबहादुर देउवाले सभामुखकै विषयमा निर्णय लिन कांग्रेस पदाधिकारी बैठक बोलाएका छन् । आज बिहान ९ बजे सभापति देउवाले धुम्बाराहीस्थित निवासमा पदाधिकारी बैठक बोलाएका हुन् ।

बैठकमा सभामुखमा उम्मेदवारी दिने/ नदिने निर्णय लिन देउवाले बोलाएको नेताहरुले जानकारी दिएका छन् ।

## संघ...

डिक बहदुर खत्री (कुमार) प्रथम उपाध्यक्ष, अलकरीम ह्युमन रिसोर्सेज प्रा.लि.का सञ्चालक सञ्जु गुरुङ द्वितीय उपाध्यक्ष र सिम्रिक ओभरसिज प्रा.लि.का सञ्चालक रोशन कटुवाललाई तृतीय उपाध्यक्षको उमेदवार बनाएको छ ।

त्यसैगरी महासचिवमा एशिया लिंक सर्भिसेज प्रा.लिका सञ्चालक मिलन कट्टेल, सचिवमा जेजे ह्युमन रिसोर्स प्रा.लि.का सञ्चालक राजेन्द्र अधिकारी, कोषाध्यक्षमा रिलायन्स रिक्रुटमेन्ट सर्भिसेज प्रा.लि.की सञ्चालिका सरिता घलेलाई उम्मेदवार बनाएको छ ।

सदस्यहरुमा न्यू अल्फा एच आर सर्भिसेज प्रा.लि.का सञ्चालक बैकुण्ठ प्रसाद पौडेल (वैभव), माउन्टेन ग्रुप इन्टरनेशनल प्रा.लि.का सञ्चालक देउमान नेम्वाङ (डि.एम. सुब्बा), स्प्रिङ नेपाल ह्युमन रिसोर्स प्रा.लि.का सञ्चालक शिबहरि मैनाली (सितल), अल हाया ओभरसिज प्रा.लि का सञ्चालक आनन्दप्रसाद कोइराला, मशारेक इन्टरनेशनल सर्भिसेज प्रा.लि.का सञ्चालक खेमनाथ गौतम उम्मेदवार रहेका छन् । सदस्यका अन्य उम्मेदवारहरुमा अल सोलुशन इम्प्लोइमेन्ट सर्भिस प्रा.लि.का सञ्चालक मोहनप्रसाद आचार्य, ग्रोथ प्रोसेस इन्टरनेशनल इम्प्लोइमेन्ट प्रा.लि.का सञ्चालक राजेन्द्र बस्नेत, रोयल इन्टरनेशनलका जनकलाल बस्तोला, क्यारियर इन्टरनेशनल प्रा.लि.का सञ्चालक श्यामचन्द्र खतिवडा र सुफी इन्टरनेशनल सर्भिसेज प्रा.लि.का सञ्चालक उमेश महतो रहेका छन् ।

यसैबीच प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपाल र हालै गठित राष्ट्रिय प्रजातान्त्रिक वैदेशिक रोजगार व्यवसायी संघबीच आगामी माघ ६ गते हुने नेपाल वैदेशिक रोजगार व्यवसायी संघको निर्वाचनमा मञ्चका राजेन्द्र भण्डारी प्यानललाई अत्याधिक बहुमतले विजयी गराउने सहमति भएको छ ।

मञ्चको निर्वाचन परिचालन मुल व्यवस्थापन कमिटी संयोजक सरोजकुमार पोखरेल र प्रजातान्त्रिक संघका भीष्म अधिकारीबीच मंगलबार उक्त सहमतिमा हस्ताक्षर भएको हो ।

यस्तै डा. ईश्वर जिसीले नेतृत्व गरेको वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्च र एकीकृत वैदेशिक रोजगार व्यवसायी संगठनको संयुक्त प्यानलले सामाखुशीमा व्यवसायीहरुसँग अन्तरक्रिया सम्पन्न गरेको छ । सामाखुसीस्थित यति प्यालेसमा आयोजित कार्यक्रममा उक्त प्यानलका उम्मेदवारहरुले संघमा निर्वाचित भएपछि गर्न सक्ने सुधारका विषयमा प्रतिवद्धता जनाए । डा. जिसी अक्सफोर्ड इन्टरनेशनल प्रा.लि.का सञ्चालक हुन् । उनले प्यानल नै निर्वाचित भएको अवस्थामा तीन महिनाभित्र संघको भवन निर्माण गर्न शुरु गर्ने, संख्या सयको प्रावधान खारेज, कामदारले विदेशमा पाउने एक महिनाको तलब बराबर हुने गरी व्यवसायीले सेवा शुल्क लिन पाउनुपर्ने, सबै प्रकारको सिण्डिकेटहरुको अन्त्य गरी वैदेशिक रोजगार कसुरलाई फौजदारी कानून अन्तर्गत नभई देवानी तथा वाणिज्य कानून अन्तर्गत फछ्र्यौट गराउनुपर्ने, संघको मध्यस्थतामा प्रतिनिधिमार्फत उजुरी फछ्र्यौटको व्यवस्था गराउने, वैदेशिक रोजगार ऐनमा रहेको पूर्व स्वीकृतिसम्बन्धी दफा १५ देखि १९ सम्मको व्यवस्था खारेज गरी रोजगार सम्झौता अनुसार एकैचोटी अन्तिम श्रम स्वीकृति पाउने व्यवस्था गराउने, धरौटी वृद्धिपछि छुट्टाछुट्टै इजाजतपत्र लिनुपर्ने व्यवस्थाको अन्त्य लगायतका एजेण्डा उठाएका छन् ।

सो प्यानलको प्रथम उपाध्यक्षमा मञ्चका अध्यक्ष कान्तिपुर मेनपावर प्रा.लि.का सञ्चालक धनलाल जैसी, द्वितीय उपाध्यक्षमा सुप्रिम ओभरसिज प्रा.लि.का बाबुराम खड्का, तृतीय उपाध्यक्षमा कन्फिडेन्ट इन्टरनेशनल प्रा.लि.का अनिल बोगटी, महासचिवमा इम्प्लोइमेन्ट लिंक नेपालका मधुकर रिजाल, सचिवमा अजम्बरी ओभरसिज प्रा.लि.का टक्करबहादुर पाख्रिन, कोषाध्यक्षमा इम्पावर ह्युमन रिसोर्सेज प्रा.लि.का केदारनाथ अधिकारी रहेका छन् ।

सदस्यमा शेरमान ग्लोबल म्यानेजमेन्ट ओभरसिज प्रा.लि.का गणेश कुँवर, आयुष ओभरसिज प्रा.लि.का कामेश्वर साह राहुल, फ्युचर लिंक इन्टरनेशनल प्रा.लि.का फिरोज खान, एसआर ग्रुप कम्पनीका सन्दीप पुडासैनी, ग्यालेक्सी युनिभर्सल सर्भिस प्रा.लि.का एक नारायण काफ्ले, पाण्डा ह्युमन रिसोर्सेज प्रा.लि.का प्रेमबहादुर गिरी, दि एक्वायर ग्रुप प्रा.लि.की देवी माया थापा, शिभम इन्टरनेशनल म्यानपावर सर्भिस प्रा.लि.का शिवबहादुर कुँवर र स्यारोन म्यानपावर सर्भिस प्रा.लि.का सरोज कुशवाह रहेका छन् ।

अध्यक्ष जिसीसहित अन्य उम्मेदवारहरुले आफ्नो प्यानलको प्रमुख उद्देश्य व्यवसायीको सामाजिक प्रतिष्ठा अभिवृद्धि गरेर व्यवसायीहरुको शिर ठाडो पार्नु रहेको प्रतिवद्धता जनाएका छन् ।

यसैगरी भुवन सिंह गुरुङको प्यानलले नेपाल राष्ट्र बैंकका पूर्वगभर्नर डा. चिरञ्जीवी नेपालको प्रमुख आतिथ्यतामा उम्मेद्वार घोषणा र चुनावी सभा गरेको हो । सभालाई संबोधन गर्दै डा. नेपालले नवनियुक्त श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रीसँग तुरुन्तै सहकार्य गर्न वैदेशिक रोजगार व्यवसायीहरुलाई आग्रह गरे । डा. नेपालले वैदेशिक रोजगारीमा जाने कामदारका दिमाग स्वीङ भएर तनाव सिर्जना हुने भएकाले त्यसलाई सम्बोधन गर्न वैदेशिक रोजगार व्यवसायीहरुले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयसँग साझेदारी गर्न जरुरी रहेको बताए ।

नेपालमा विदेशी मुद्राको सञ्चित गर्ने प्रमुख माध्यम रेमिट्यान्स नै रहेको उल्लेख गर्दै पूर्वगभर्नर नेपालले बेथिति भएको भनेर दक्षिण कोरिया र इजरायल जस्ता देशमा कामदार पठाउन व्यवसायीहरुलाई रोक्नु अनुचित हुने समेत बताए ।

नेपालका परराष्ट्र तथा श्रम मन्त्रालयबीच राम्रो सहकार्य नहुँदा श्रम कुटनीति ओझेलमा परेकाले त्यसलाई परिणाममुखी बनाउन वैदेशिक रोजगार व्यवसायीहरुले दबाब दिनुपर्ने उनले सुझाव दिए । मुलुकको अर्थतन्त्र रेमिट्यान्समा अडिएका कारण वैदेशिक रोजगार व्यवसायीले प्रतिकुल अवस्थामा आत्मविश्वास गुमाए मुलुक नै संकटमा पर्ने भएकोले थप प्रतिवद्ध भएर पारदर्शिताको आधारमा व्यवसाय अगाडि बढाउनुपर्ने सुझाव पनि पूर्वगभर्नर डा. नेपालले दिए ।

कार्यक्रममा नेपाली कांग्रेसका केन्द्रीय सदस्य तथा व्यवसायी सीता देवकोटाले कांग्रेसको शुभेच्छुक संस्थाको हैसियतमा रहेको नेपाल वैदेशिक रोजगार व्यवसायी लोकतान्त्रिक फोरममा संघका लागि उम्मेदवारी छनोट गर्दा अर्का केन्द्रीय सदस्यले न्याय गर्न नसकेका कारणले आफू गुरुङको प्यानलमा उभिएको बताइन् । एशोसिएसन कार्यसमितिका १२ जनाले गुरुङका पक्षमा हस्ताक्षर गरेको, तर त्यसलाई नमानेपछि छुट्टै प्यानल बन्नु स्वभाविक भएको उनको भनाइ थियो ।

जनता समाजवादी पार्टीका केन्द्रीय सदस्य प्रेमबहादुर थापाले वैदेशिक रोजगार व्यवसायी व्यवसाय गर्ने भन्दा नेता उत्पादन गर्ने खतरा बढेकाले व्यवसायी गम्भीर हुनुपर्ने अवस्था आएको टिप्पणी गरे ।

अध्यक्षका उम्मेदवार गुरुङले आफूले विगतमा संघको जिम्मेवारी पूरा गर्दा व्यक्तिगत स्वार्थका लागि पदको दुरुपयोग नगरेको र भविश्यमा पनि नगर्ने प्रतिवद्धता जनाए । परिणाम दिने काम नेतृत्वले नगरेका कारणले संघप्रति व्यवसायीको वितृष्णा उत्पन्न भएको र त्यसलाई मेटाउने आफ्नो नेतृत्वले काम गर्ने उनको भनाइ थियो ।

नेपाल उद्योग वाणिज्य महासंघलगायतका निकायहरुसँग समन्वय र सहकार्यका आधारमा वैदेशिक रोजगार व्यवसायका समस्या समाधान गर्ने भन्दै उनले व्यवसायीको पेशाभन्दा ठूलो केही नरहेकाले आफ्नो एक मात्रै लक्ष्य व्यवसायीको हित रक्षा गर्ने रहेको प्रतिवद्धता जनाए । अध्यक्षका प्रत्यासी गुरुङले संख्या सयको समस्या समाधान, साउदी आईडी (साउदी परिचयपत्र )को समस्या समाधान गर्ने, कामदार पठाउने दक्षिण एशियाली मुलुकहरुको क्षत्रिय सम्मेलन नेपालमा गराउने, संस्थाविरुद्धका उजुरी विभाग पुग्नुभन्दा पहिले संघमा छलफल गराई सहमति खोज्ने लगायतका प्रतिवद्धता जनाए ।

उक्त समूहका संयोजक दानबहादुर बुढाथोकीको सभापतित्वमा सम्पन्न कार्यक्रममा वैदेशिक रोजगार व्यवसायी तमुधी समाजमा अध्यक्ष तीर्थ गुरुङ, उपाध्यक्ष वरिष्ठ वैदेशिक रोजगार व्यवसायी हेमबहादुर गुरुङ, वैदेशिक रोजगार व्यवसायी नेवा समाजका अध्यक्ष किसान प्रधान, धोलाश्री समाजका अध्यक्ष त्रिलोक विश्वकर्मा, व्यवसायी रविन शेरचन, वैदेशिक रोजगार व्यवसायी तामाङ समाजका अध्यक्ष मीन तामाङ, अभिमुखीकरण व्यवसायी महासंघका अध्यक्ष राजाराम गौतमलगायतले जितका लागि गुरुङ प्यानललाई शुभकामना दिएका थिए ।

एशोसिएसन कार्यवाहक उपाध्यक्ष भगिरथ राई (रमेश), नेपाली कांग्रेसका पार्टी प्रतिनिधि नेता रमेश लेखकको उपस्थितिमा पटक-पटक छलफल लोकतान्त्रिक पद्धति अर्थात् मतदानमा जाउँ भन्दा अध्यक्ष कुमुद खनालले अध्यक्षको चिठ्ठी पाएकाले हुँदैन भन्ने ढिपी लिएका कारणले छुट्टै प्यानल बनाउन परेको दाबी गरे । स्वागत मन्तव्य राखेका एशोसिएसनका द्वितीय उपाध्यक्ष विनोदजंग केसीले गुरुङ प्यानल नै एशोसिएसनको आधिकारिक उम्मेदवारको प्यानल भएको दाबी गरे ।

संघका दिवंगत दुई पूर्वअध्यक्ष सोमलाल बाटाजु र विष्णु गैरेको तस्बिरमा माल्यार्पण गरी शुरु भएको कार्यक्रम व्यवसायी शंकर आचार्यले सञ्चालन गरेका थिए । कार्यक्रममा उक्त प्याानलका उम्मेदवारहरुको परिचय गराइएको थियो । उक्त प्यानलको द्वितीय उपाध्यक्षमा अल जाफरका मो. जावरद्दिन मियाँ (मुन्ना), तृतीय उपाध्यक्षमा डमरु रिसोर्स प्रा.लि.का मोहन कुमार ढुंगेल, सचिवमा एड्भान्स रिक्रुटमेन्ट प्रा.लि.का प्रेम बलामी, कोषाध्यक्षमा जेन्युन प्लेसमेन्ट प्रा.लि.की सञ्चालिका राधादेवी बुढाथोकी तथा सदस्यहरुमा एमिटी ह्युमन रिसोर्स प्रा.लि.का सञ्चालक भगिरथ भण्डारी, सूपर्व फर अल्टिमेटम म्यानपावरकी सञ्चालिका चन्द्र कमल श्रेष्ठ रहेका छन् ।

## वैदेशिक...

आत्मसम्मानसहितको रोजगार पाउँदैनन्, तबसम्म देशको विकास कल्पना बाहिरको हुन्छ ।’

स्वदेशमै रोजगारीका पर्याप्त अवसर सिर्जना नभएसम्म वैदेशिक रोजगारी बाध्यात्मक रहेको उनले बताए । वैदेशिक रोजगारीमा जाने श्रमिकलाई दक्ष बनाएर पठाउनेमा आफ्नो ध्यान केन्द्रित हुने उनको भनाइ छ । ‘दक्ष भएर विदेश नजाँदासम्म श्रमिकले दुःख पाइरहेको अवस्था छ,’ उनले भने, ‘त्यसको निराकरणका लागि मैले काम गर्छु ।’

मन्त्रालयले समन्वय गरेर स्वदेशमा पर्याप्त मात्रामा रोजगारी सिर्जना गरिने मन्त्री अर्यालको भनाइ छ । ‘बाध्यताले नभई चाहेर मात्र विदेश जाने अवस्था सिर्जना गर्ने मेरो लक्ष्य हो,’ उनले भने ।

**कम्पनीको नाम परिवर्तन भएको सूचना**

प्रथम पटक प्रकाशित मिति: २०७९/१०/०४
यस कम्पनीको मिति २०७९/०३/३० गते बसेको विशेष साधारण सभाको बैंठकको निर्णय बमोजिम साविकको कम्पनी कन्भर्ज स्टाक (प्रा.लि.नं.: २९२९१६) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु-व्यहोर्नु पर्ने कर, दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **लवदेब्स एल.एल.सी. प्रा.लि.** कायम हुन आएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कतार र मलेशियामा रोजगार**

**१. कम्पनी : AQUA CLEAN** — शहर: Qatar
पूर्व स्वीकृत मिति: २०७८/१०/२१ | चलानी नं.:६०१७५०१० | L.T. No.: 258583 | पुन:विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Gen. Clean Worker | 122 | 0 | स. काममा दक्ष | 1000 | ३५,६६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**२. कम्पनी : QL Ansan Poultry Farm Sdn Bhd** — शहर: Selangor
पूर्व स्वीकृत मिति: २०७९/०३/२९ | चलानी नं.:६०१८३१८६ | L.T. No.: 267297 | पुन:विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | AGRICULTURAL | 100 | 0 | स. काममा दक्ष | 1500 | ४५,२८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**३. कम्पनी : Kilang Beras Sukaramai sdn bhd** — शहर: Jalan
पूर्व स्वीकृत मिति: २०७९/०३/२९ | चलानी नं.:६०१८३७९७ | L.T. No.: 235008 | पुन:विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker | 5 | 0 | स. काममा दक्ष | 1500 | ४५,२८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**४. कम्पनी : STL RESTAURANT SDN BHD** — शहर: Pinang
पूर्व स्वीकृत मिति: २०७९/०४/०८ | चलानी नं.:६०१८३६८३ | L.T. No.: 267575 | पुन:विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant Crew | 10 | 0 | स. काममा दक्ष | 1500 | ४५,२८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**५. कम्पनी : A&A CHESTERFIELD SDN BHD** — शहर: Selangor
पूर्व स्वीकृत मिति: २०७९/०५/०७ | चलानी नं.:६०१८६१६८ | L.T. No.: 270032 | पुन:विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 25 | 0 | स. काममा दक्ष | 1500 | ४५,२८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**६. कम्पनी : Consistent Prospect Sdn Bhd** — शहर: JOHOR
पूर्व स्वीकृत मिति: २०७९/०८/०९ | चलानी नं.:६०१९२१२४ | L.T. No.: 276011 | पुन:विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 16 | 0 | स. काममा दक्ष | 1500 | ४५,२८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौमा २०७९ माघ ११ गते (25 January 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिसा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रु. ७००/- रोजगारदाता कम्पनीले | रु. १,५००/- रोजगारदाता कम्पनीले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

**MITHILA INTERNATIONAL SERVICE PVT. LTD.**
P.O.Box No.: 11016, EPC 174, Tilganga-9, (Near Tilganga Hospital), Gaushala, Kathmandu, Nepal
Tel: 9813828296, 9803055121, 9851024839
E-mail: anjulayadav@hotmail.com, info@mithilagroup.com, Url: www.mithilaintlgroup.com
श्रम इजाजत पत्र नं.: १०२७/०६८/०६९

पोखरा विमान दुर्घटना

# ४८ शव काठमाडौं ल्याइयो, आजदेखि शव परीक्षण

**काठमाडौं/मस–** माघ १ गते आइतबार काठमाडौंबाट पोखरातर्फ उडेको यती एयरलाइन्सको नाइन एन-एएनसी-एटिआर-७२-५०० विमान दुर्घटनामा परेर मृत्यु भएकामध्ये ४८ जनाको शव काठमाडौं ल्याइएको छ । यती एयरलाइन्सले मंगलबार एक विज्ञप्ति जारी गरी पोखराको सेती नदीको खोँचमा दुर्घटनाग्रस्त भएर निधन भएकामध्ये ४८ जनाको शव काठमाडौं ल्याइएको बताएको हो । शव मंगलबार दिउँसो नेपाली सेनाको दुईवटा हेलिकप्टरमार्फत काठमाडौं ल्याइएको हो ।

मृतक ४८ जनाको शव काठमाडौं ल्याइए पनि शवको परीक्षण भने आज बिहानदेखि शुरु गरिने भएको छ ।



शवलाई अहिले त्रिभुवन शिक्षण अस्पताल महाराजगञ्जको शवगृहमा राखिएको छ । मृतकका परिवार र आफन्तजनलाई 'काउन्सिलिङ' गर्ने काम भएकाले परीक्षण शुरु गर्न नसकिएको त्रिवि शिक्षण अस्पतालले जनाएको छ । मृतकमध्ये कतिपय व्यक्तिको शव पहिचानसमेत हुन नसकेकाले डिएनएका आधारमा शव पहिचान गरेर परीक्षणपश्चात् एकैपटक मृतकका परिवार तथा आफन्तलाई शव हस्तान्तरण गरिने बताइएको छ ।

चालकदलका सदस्यसहित जम्मा ७२ जना सवार उक्त विमान दुर्घटनामा ७१ जनाको मृत्यु भइसकेको छ भने बाँकी एक व्यक्तिको खोजीकार्य जारी रहेको यती एयरलाइन्सले जनाएको छ ।

# प्राविधिक शिक्षा आजको आवश्यकता : कुलपति गुरुङ



**गण्डकी/मस–** गण्डकी विश्वविद्यालयका कुलपति प्रा.डा गणेशमान गुरुङले प्राविधिक शिक्षा आजको आवश्यकता भएको बताएका छन् ।

पोखरामहानगरपालिका-३२,राजाको चौतारास्थित ब्रह्मरुपा माध्यमिक विद्यालयको ४३ औं वार्षिकोत्सव एवं अभिभावक दिवसको उद्घाटन गर्दै उनले देशका लागि योग्य र सक्षम नागरिक उत्पादन गर्न प्राविधिक शिक्षा अपरिहार्य रहेको बताए ।

विद्यालयलाई गण्डकी विश्वविद्यालयको फिडर विद्यालयका रपमा हेरिएको बताउँदै उनले यो प्रदेशकै उच्चकोटीको शैक्षिक संस्था बन्ने विश्वास व्यक्त गरे । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष दुर्गालाल पण्डितले विद्यालयले गुणस्तरीय शिक्षालाई जोड दिएको उल्लेख गर्दै विद्यार्थी, शिक्षक र अभिभावक सबैको साथ सहयोगमा उत्कृष्ट शैक्षिक गन्तव्य बनाउने बताए ।

प्रधानाध्यापक जनार्दन सुवेदीले विद्यालयको आर्थिक विवरण, भावी रणनीति र योजना प्रस्तुत गर्दै यसलाई जिल्लाकै सूचना प्रविधि मैत्री विद्यालयका रूपमा अगाडि बढाउने बताए । विद्यालय निरीक्षक विश्वराज आचार्य, लक्ष्मी माविका प्रधानाध्यापक जगन्नाथ अधिकारी, नेपाल शिक्षक संघ कास्कीका अध्यक्ष रमेश भट्टराईलगायतले विद्यालयले यस क्षेत्रको शैक्षिक विकासमा गरेको योगदानको चर्चा गरे । सो अवसरमा उत्कृष्ट शिक्षक र विद्यार्थीलाई पुरस्कार वितरण एवं विद्यार्थीद्वारा विविध सांस्कृतिक कार्यक्रमका साथै नाटक प्रस्तुत गरिएको थियो । विद्यालयमा हाल आठ सयभन्दा बढी विद्यार्थी, ४७ शिक्षक कर्मचारी रहेको र प्राविधिक धारतर्फ कम्प्युटर इन्जिनीयरअन्तर्गत कक्षा ९ देखि १२ सम्म र साधारणतर्फ नर्सरीदेखि १२ कक्षासम्म अध्ययन अध्यापन हुँदै आएको छ ।

## अलपत्र पशु बीमा कार्यक्रम




**खोटाङ/मस–** ऐँसेलुखर्क गाउँपालिकामा सञ्चालन गरिएको पशु बीमा कार्यक्रम एक आर्थिक वर्षपछि अलपत्र परेको छ ।

पशुपालनलाई प्रमुख व्यवसाय बनाएका किसानलाई लक्ष्य गर्दै लुम्बिनी इन्सुरेन्स कम्पनीले आर्थिक वर्ष २०७५/७६ मा पशु बीमा कार्यक्रम सुरु गरेको थियो । सुरुका वर्ष १७ वटा बाख्रा र छ वटा बङ्गुरको बीमा गरेका किसानले आर्थिक वर्ष २०७६/७७ देखि पशुको बीमा नवीकरण नगरेको गाउँपालिकाका पशुसेवा शाखा प्रमुख प्रमोदकुमार राजभण्डारीले बताए ।

नेपाल सरकारको केन्द्रीय कार्यक्रमअनुसार गाउँपालिकाको समन्वयमा पशु बीमा सुरु गरेको लुम्बिनी इन्सुरेन्स कम्पनीले अभिकर्ताको अभावमा बीमा नवीकरण गर्न नसकेको जनाएको छ ।

बीमा कम्पनीको अभिकर्ता नहुँदा गाउँपालिकाकै कर्मचारी खटाएर बीमा गराइएको शाखा प्रमुख राजभण्डारीले बताए । पशु बीमालाई पुनः निरन्तरता दिने तयारी भइरहेको गाउँपालिका प्रमुख गिरेन्द्रबहादुर राईले जानकारी दिए ।

दश स्थानीय तह रहेको जिल्लाका अन्य स्थानीय तहले पनि उक्त बीमा कार्यक्रम सञ्चालन गर्ने तयारी गरेका छन् । दुई नगरपालिका र आठ गाउँपालिका रहेको जिल्लामा पशु सेवा कार्यालयले पनि सो बीमा सञ्चालन गरिरहेको छ । जिल्लामा सञ्चालित बीमा कार्यक्रम प्रभावकारी नभएको किसानले बताउने गरेका छन् । बीमा कम्पनीले नवीकरणमा तदारुकता नदेखाउँदा समस्या हुने गरेको भेडापालक युवा किसान लक्ष्मण साम्पाङ 'समिप'ले बताए ।


## मलेसियामा रोजगारको अवसर

कम्पनी: LINACO MANUFACTURING (M) SDN.BHD. शहर: JOHOR

पूर्व स्वीकृत मिति: २०७९/०८/०७ चलानी नं.: ६०१९१९०५ L.T. No.:276181 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 113 | 0 | स. काममा दक्ष | 1500 | ४४,९१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता Hotel Amuprastha, Basbari Height काठमाडौंमा २०७९ माघ ११ र १२ गते (25 & 26 January 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Supa Deurali Human Resource Pvt. Ltd.**
SDHR Gov. Lic No. 1473/074/075
Samakhusi -26, Maipi, Kathmandu, Nepal
Tel: +977- 1- 4387429 | Email: supadeurali27@gmail.com
Web.: www.supadeuralimanpower.com

## SAUDI मा रोजगार

कम्पनी: Mubarak Abdullah AL Suwaiket and Sons Co शहर: Saudi Arabia

पूर्व स्वीकृत मिति: २०७९/१०/०३ चलानी नं.: ६०१९५१६७ LT. No.: 279540

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Plumber | 2 | 0 | स. काममा दक्ष | 1200 | ४१,६२८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालयमा २०७९ माघ ११ गते (25 January 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Alliance Human Resources Pvt. Ltd.**
ahr Alliance Human Resources Pvt Ltd — Govt. Licence: 690/063/064
Sinamangal-9, Kathmandu, Nepal | Tel: 01-4487850, 4494627 | Fax: 01-4462344
Email:- info@alliancenepal.com, cv@alliancenepal.com | www.alliancenepal.com



नेपाल सरकार
शहरी विकास मन्त्रालय
शहरी विकास तथा भवन निर्माण विभाग
सघन शहरी तथा भवन निर्माण आयोजना, चितवन

**बोलपत्र छनौट गर्ने आशयको सूचना**

सूचना प्रकाशित मिति : २०७९।१०।०४ (Jan. 18, 2023)

यस आयोजनाको मिति २०७९।०७।२० को **नयाँ पत्रिकामा** प्रकाशित सूचनाअनुसार तल उल्लेखित खरिद कार्यको लागि पेश भएका बोलपत्रहरूमध्ये प्राविधिक प्रस्तावको मूल्याङ्कनमा सफल भएका बोलपत्रहरूको मिति २०७९।०९।२९ गते खोलिएको आर्थिक प्रस्तावहरू मूल्याङ्कन हुँदा सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ बमोजिम तल तालिकामा उल्लेखित बोलपत्रहरूका प्रस्ताव न्यूनतम मूल्याङ्कित तथा सारभूत रूपमा प्रभावग्राही बोलपत्र **(Lowest evaluated substantial Responsive Bidders)** निर्धारण भई स्वीकृतिका लागि छनौट गरिएकाले ऐ. ऐनको दफा २७(२), ४७ तथा नियमावलीको १०० को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | खरिदको विषय | सफल बोलपत्र दाताको नाम | मू.अ.क. सहितको कबोल अंक |
|---|---|---|---|
| १ | Construction of Integrated Urban Infrastructure Development Works at Madi Municipality (PUDBC/CHITWAN/NCB/WORKS/12/079/080) | Changmila-Biraj JV Khairahani-6, Chitwan | 16,33,70,801.30 |

आयोजना प्रमुख



## साउदीमा रोजगार

कम्पनी: almana trading & bidding co. शहर: KSA

पूर्व स्वीकृत मिति: २०७९/१०/०३ चलानी नं.: ६०१९५१०९ L.T. No.: 279568

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Electrician | 1 | 0 | स. काममा दक्ष | 1400 | ४८,५६६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ माघ ११ गते (25 January 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Amity Human Resource (P.) Ltd.**
Govt Lic. No. 595/062/063
P.O. Box: 12543, Basundhara, Kathmandu, Nepal, Tel: +977-1-5903488, 5903399, 9801034262
Fax: +977-1-4361742, Email: amityhr@outlook.com Website: www.amityhr.com



## युएई, कतार र साउदीमा रोजगार

कम्पनी : TAWASUL TRANSPORT L.L.C शहर : UAE, DUBAI

पूर्व स्वीकृत मिति: २०७९/१०/०३ चलानी नं.: ६०१९५१६१ LT. No.: 279575

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Taxi Driver / Light Vehicle Driver | 100 | 0 | स. काममा दक्ष | 1200 | ४२,५६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : ON TIME DELIVERY WLL शहर : Doha

पूर्व स्वीकृत मिति: २०७९/१०/०३ चलानी नं.: ६०१९५१६२ LT. No.: 279556

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver (Bike) | 50 | 0 | स. काममा दक्ष | 1400 | ४९,९२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनी : YASSER ABDULLA AL-QADI FACTORY FOR METAL INDUSTRIES शहर : Riyad

पूर्व स्वीकृत मिति: २०७९/१०/०३ चलानी नं.: ६०१९५१६३ LT. No.: 279541

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Black Smith | 1 | 0 | स. काममा दक्ष | 1200 | ४१,६२८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

४. कम्पनी: AL HASHEMI CONSTRUCTION GROUP शहर: Kuwait

पूर्व स्वीकृत मिति: २०७९/०४/१६ चलानी नं.: ६०१८४१९७ LT. No.: 268487 पुनविज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब KD | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 50 | 0 | सम्बन्धित काममा दक्ष | 125 | ५३,३३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Contruction Worker (Indoor) | 225 | 0 | | 90 | ३८,४०२ | | | | | | | |
| 3. | Housing Electrician | 24 | 0 | | 125 | ५३,३३६ | | | | | | | |
| 4. | Scaffolder | 25 | 0 | | 125 | ५३,३३६ | | | | | | | |

५. कम्पनी: ARAB QATARI AGRICULTURAL PRODUCTION CO.S.A.Q शहर: DOHA

पूर्व स्वीकृत मिति: २०७९/०८/०६ चलानी नं.: ६०१९१७६५ LT. No.: 276090 पुनविज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | FARMER | 17 | 0 | स. काममा दक्ष | 1000 | ३५,६६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

६. कम्पनी: SHRISTI CONTRACTING AND HOSPITALITY शहर: DOHA

पूर्व स्वीकृत मिति: २०७९/०६/०१ चलानी नं.: ६०१८७९४० LT. No.: 272071 पुनविज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1400 | ४९,९२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cashier | 1 | 0 | | 1300 | ४६,३५८ | | | | | | | |
| 3. | Labour | 4 | 0 | | 1000 | ३५,६६० | | | | | | | |

७. कम्पनी: SHRISTI CONTRACTING AND HOSPITALITY शहर: DOHA

पूर्व स्वीकृत मिति: २०७८/१२/११ चलानी नं.: ६०१७६५८३ LT. No.: 260399 पुनविज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Mason | 2 | 0 | स. काममा दक्ष | 1200 | ४२,७९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ माघ ११ गते (25 Jan. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Link International Placement Service Pvt.ltd.**
LINK INTERNATIONAL PLACEMENT SERVICE — Govt. Lic. No.: 821/066/067 — ISO 9001 : 2015
Tokha-5, Basundhara, Kathmandu, Tel.: 01-4956654, 4955978, 9849664971
Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158



# गुराँस गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
रानिमत्ता, दैलेख
कर्णाली प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

(प्रकाशित मिति : २०७९।१०।०४)

यस कार्यालयबाट मिति २०७९।०९।०३ गते दोस्रो पटक प्रकाशित बोलपत्र आह्वानको सूचना बमोजिम तोकिएको अवधिभित्र रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरुको बोलपत्र मूल्यांकन समितिबाट मूल्याङ्कन भई तपसिल बमोजिमका बोलपत्र न्यूनतम मूल्याङ्कनको आधारमा सारभूतरुपमा प्रभावग्राही देखिएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) बमोजिम ७ (सात) दिने आशयको सूचना सम्वन्धित सबैको जानकारीका लागि प्रकाशन गरिएको छ ।

तपसिल

| क्र.सं. | ठेक्का नं. | आयोजनाको नाम र आयोजना स्थल | सारभूत रुपमा प्रभावग्राही बोलपत्रदाता वा फर्मको नाम र ठेगाना | कबोल अंक (मु.अ.कर बाहेक) |
|---|---|---|---|---|
| १. | GRM/RIV-ERBED/NCB/01/079/080 | गुराँस गाउँपालिका स्थित लोहोरे खोला, कर्णाली नदिको किनारबाट ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् कार्य, गुराँस गाउँपालिका दैलेख | सि.के.एम.बी. कन्स्ट्रक्सन प्रा.लि. दुल्ल नगरपालिका ०७, दैलेख | ने.रु. २८,७३,०६१।२५ |

प्रमुख प्रशासकिय अधिकृत



# राप्ती नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भण्डारा, चितवन
बागमती प्रदेश

**सिलबन्दी दरभाउपत्र स्वीकृतीको आशयको सूचना**

सूचना प्रकाशित मिति: २०७९/१०/०४

यस कार्यालयबाट मिति २०७९/०८/२७ गते दोश्रो पटक प्रकाशित सिलबन्दी दरभाउपत्रको सूचना अनुसार रितपूर्वक दाखिला हुन आएका सिलबन्दी दरभाउपत्रहरु मध्य प्राविधिक प्रस्तावमा उत्तीर्ण बोलपत्रदाताहरु मध्य न्यूनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिएको तल उल्लेखित बोलपत्रदातालाई स्वीकृतिका लागि छनौट गरिएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) को प्रयोजनका लाशि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | ठेक्का नं. | ठेक्काको नाम | बोलपत्रदाताको नाम | कबोल अङ्क (Without VAT and PS) |
|---|---|---|---|---|
| १. | 004/Works/SQ/RM/079/080 | Construction of Blacktopped Road at Rapti Municipality ward-6, Dilli Parsa and drainage works. | M/S Durga Bhawani Construction | NPR 11,82,677.60 |

प्रमुख प्रशासकीय अधिकृत

मध्यान्ह
www.madhyanhadaily.com
४ माघ २०७९, बुधबार
18 January 2023, Wednesday

## सम्पादकीय

# हुटहुटीलाई अवसर

पुष्पकमल दाहाल प्रचण्ड प्रधानमन्त्री नियुक्त भएको तीन सातापछि मन्त्रिपरिषद्ले लगभग पूर्णता पाएको छ । जनता समाजवादी पार्टी (जसपा) सरकारमा सहभागी नभएकाले दुई मन्त्री आफैसँग राखेर प्रधानमन्त्री प्रचण्डले २३ सदस्यीय मन्त्रिपरिषद् विस्तार गरेका छन् । मंगलबार मन्त्री बनेका मध्ये दुई तिहाइ नयाँ अनुहार छन् । १० पुसमा प्रधानमन्त्रीसँगै शपथ लिएका आठ मन्त्री सहित २३ मध्ये १६ जना त पहिलोपक मन्त्री बनेका हुन् । नयाँ राजनीतिक शक्तिमा रूपमा आएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र जनमत पार्टीले मात्रै नभएर पुरानै दल नेकपा एमाले र माओवादी केन्द्रले पनि नयाँ र युवा नेतालाई प्राथमिकतामा राखेका छन् । उपप्रधानमन्त्रीहरू विष्णुप्रसाद पौडेल र नारायणकाजी श्रेष्ठ सहित केही मन्त्री अनुभवी भएपनि धेरै मन्त्री नयाँ छन् । राष्ट्रिपति प्रजातन्त्र पार्टी (राप्रपा) का अध्यक्ष राजेन्द्र लिङ्देन आफै पहिलोपटक मन्त्री र उपप्रधानमन्त्र बनेका हुन् ।

नयाँ भएकाले धेरैजसो मन्त्रीले पदभार ग्रहणपछि उत्साह जगाउने अभिव्यक्ति नै दिएका छन् । प्रधानमन्त्री प्रचण्ड आफैले पनि यो सरकारलाई यसअघिको अनुभवक आधारमा सफल बनाउन लागिपर्ने प्रतिबद्धता जनाएका थिए । प्रधानमन्त्री बनेलगत्तै सेवा प्रवाहलाई प्राथमिकता दिने निर्णय गराएका थिए । पूरा नहुने भन्दा पनि जनताले अनुभूति गर्न सक्ने स–साना काममा जोड दिने प्रधानमन्त्री प्रचण्डको भावनासँग नयाँ मन्त्रीहरू समेत सहमत देखिन्छन् । विशेषगरी रास्वपा, राप्रपा र जनमत पार्टीका नेताहरूमा धेरै हुटहुटी देखिन्छ । जनताबाट अप्रत्यासित मत पाएकाले पनि उनीहरूमा केही गरेर देखाउनुपर्ने चुनौती भएको हुनसक्छ ।

तर नयाँ मन्त्रीहरूमा देखिएको हुटहुटीलाई परिणाममा बदल्नु भने सजिलो छैन । किनकि यसअघि पनि नयाँ उत्साह लिएर आएका धेरै राजनीतिक दल र नेताहरू असफल बनेका उदाहरण छिपेको छैन । ०६४ सालको चुनावपछि प्रचण्ड आफैमा पनि उत्साह थियो, नयाँ नेपालको नारा लगातार दिएका दिए । तर सरकार सञ्चालनको तौरतरिका मिलाउन नसक्दा नौ महिनामै राजीनामा दिएका थिए । त्यसपछि ओरालो लागेको माओवादी क्रेज पुनर्स्थापना हुन सकेको छैन । अहिलेका नयाँ दल, नयाँ मन्त्री र सरकारले त्यो बिगत सम्झन जरूरी छ । फेरि पनि जनताको एजेण्डालाई प्राथमिकतामा राख्ने सरकार र मन्त्रीहरूको प्रतिबद्धता सही छन् । कति सफल हुन्छन् वा हुँदैनन् भन्ने चाहिँ भविष्यमा कार्यान्वयनबाट देखाउनुपर्नेछ । मुलुकलाई संभावित संकटबाट जोगाएर राजनीतिप्रति आमनागरिकमा देखिएको बितृष्णा अन्त्य गर्ने अवसरका रूपमा समेत यो सरकार र मन्त्रिपरिषदलाई लिन आवश्यक छ ।

# जनशक्ति विकासको सवाल

*कुल श्रमशक्तिको ०.६ प्रतिशत जनशक्ति मात्र वैज्ञानिक एवम् प्राविधिक पेशामा संलग्न भएको पाइन्छ । राष्ट्रको बृहत्तर विकासका लागि विज्ञान तथा प्रविधिसँग जोड्ने जनशक्तिको विकास अनिवार्य छ । प्राविधिक जनशक्ति उत्पादन गर्ने अनुसन्धानमा आधारित शिक्षामा लगानी वृद्धि गर्नुको विकल्प छैन ।*

अग्रलेख



● ईश्वरीप्रसाद पोखरेल



**भूमिका**

जुनसुकै मुलुक समृद्ध हुन समयअनुसारको प्रविधि र प्रविधिअनुसारको विकास आवश्यक पर्दछ । जसलाई राजनीतिक तथा प्रशासनिक संयन्त्रले जोड्ने काम गर्नुपर्छ । उचित र दक्ष जनशक्तिको विकास बिना राजनीतिक तथा प्रशासनिक संयन्त्रको योजना सफल हुन सक्दैन । जसको लागि प्राज्ञिक तथा अनुसन्धानमुखी जनशक्ति आवश्यक हुन्छ । जसको लागि व्यवहारिक खालको शिक्षा प्रणाली चाहिन्छ । सरकारले विद्यालय तहदेखि नै के-कस्तो जनशक्ति विकास गर्ने ? स्पष्ट मोडल तयार गर्नुपर्छ । विद्यालय तहमै मोडलअनुसारको जग हाल्ने काम हुनुपर्छ । विद्यालय तहदेखि हालेको जगलाई विश्वविद्यालय तहले अगाडि मूर्तरुप दिनुपर्छ ।

नेपाल पनि विश्वमा उपलब्ध सबै सेवा-सुविधायुक्त हुन चाहन्छ । तर, नेपालमा सञ्चालित सबै ११ वटै विश्वविद्यालयको कुल २१०८ शैक्षिक कार्यक्रममा कुल ९० प्रतिशत साधारण धारको जनशक्ति उत्पादन हुन्छ । मुलुकको उच्च शिक्षाले विषय तथा क्षेत्रगत जनशक्ति विकासको समग्र नेतृत्व गर्न सक्नुपर्दछ । तर, तथ्यांकलाई नियाल्दा हाम्रो मुलुक त्यो अवस्थामा छैन । मुलुकको शिक्षा प्रणालीलाई आबद्ध गर्ने तथा रूपान्तरणमा लैजाने प्राज्ञिक, प्राविधिक तथा प्रशासनिक र व्यवस्थापकीय नैतिक शाहस तथा दूरगामी दृष्टिकोण नेतृत्वकर्ताले राख्नै पर्दछ । नेतृत्वले शाहस नगरी रुपान्तरण हुन सक्दैन ।

**कसरी गर्ने ?**

आधारभूत तहदेखि विश्वविद्यालय तहसम्मको अध्ययन, प्राध्यापन तथा व्यवस्थापन कार्यमा संलग्न हुने शिक्षक, प्राध्यापक तथा कर्मचारीहरूको योग्यता, क्षमता, अनुसन्धानलगायतको भर्ना तथा छनोटका लागि स्वायत्त शिक्षा सेवा आयोग तथा सबै राष्ट्रिय विश्वविद्यालयहरूमा लागू हुने गरी एउटै विश्वविद्यालय सेवा आयोग गठन गर्नुपर्ने हुन्छ । विद्यालय तहदेखि विश्वविद्यालय तहसम्मका शिक्षक तथा प्राध्यापक र कर्मचारी भर्ना तथा पदोन्नतिसम्बन्धी नयाँ नीति निर्माण गरी विशिष्टीकृत सेवा प्रवेश अनुमति पत्रको अनिवार्य व्यवस्था गर्ने काम हुनुपर्छ । विद्यालय तहदेखि विश्वविद्यालय तहसम्मका शिक्षक तथा प्राध्यापक र कर्मचारीको योग्यता, सीप परीक्षण, अनुसन्धान क्षमता तथा प्रकाशन र सोको स्तरीयता, कक्षा वहन तथा जिम्मेवारीका आधारमा हरेक पाँच वर्षमा पुनः योग्यता परिक्षण र नियुक्ति तथा पदोन्नतिको व्यवस्था गरिनुपर्दछ ।

शैक्षिक गुणस्तरीय मापदण्डको आधारमा प्रत्यायन प्रणालीको सुविधा पाएका शैक्षिक संस्थाहरूबाट प्रथम श्रेणीमा स्नातक तथा स्नातकोत्तर एवम् विद्यावारिधि प्राप्त एवम् दक्ष जनशक्तिलाई विशेष सुविधासहित तहका लागि निर्धारित योग्यता प्राप्त नागरिकलाई शिक्षक सेवा आयोग तथा विश्वविद्यालय सेवा आयोगको मापदण्डको आधारमा विद्यालय शिक्षामा शिक्षक तथा विश्वविद्यालयमा प्राध्यापनका निम्ति आकर्षण गर्ने कार्यक्रम ल्याउनुपर्छ ।

हामीकहाँ पानीजहाज, रेल यातायात, सुरुङ मार्गलगायतका विषयमा निकै ठूला भाषणबाजी हुन्छन् । तर, हामी यी विषयमा अगाडि बढ्न सकिएको छैन । जसको कारण हामीसँग दक्ष जनशक्ति नहुनु पनि हो । राज्यले उल्लेखित क्षेत्रहरूमा आवश्यक पर्ने दक्ष जनशक्ति उत्पादन, विकास तथा प्रयोगमा जोडदिने शिक्षा पद्धतिको खोजी गर्नुपर्छ । विशिष्टीकृत प्राविधिक विश्वविद्यालय स्थापना गर्नुका साथै रोजगारमूलक शिक्षाका निम्ति सञ्चालनमा रहेका शैक्षिक निकाय, विश्वविद्यालयहरूलाई गुणात्मक पक्षबाट स्थानीय आवश्यकताअनुसार, श्रम बजारमा आउने परिवर्तनअनुसार सीप अपुग भएका क्षेत्रका जनशक्ति विकासमा जोड दिँदै, नियमितरूपमा पाठ्यक्रममा सुधार, परिवर्तन तथा परिमार्जन वा आमूल रूपान्तरण गर्ने काम गर्नुपर्छ ।

उच्च शिक्षा पद्धतिले आफैँ बजार माग र आवश्यकताबमोजिमका निश्चित विषय र क्षेत्रसँगमात्र सम्बद्ध रहने र अरूलाई सम्बन्धन नदिने शर्तमा अन्तर्राष्ट्रिय स्तरका विश्वविद्यालय तथा शैक्षिक प्रतिष्ठानहरूको स्थापनालाई राज्यले प्रोत्साहन गर्ने कार्यक्रम पनि ल्याउनुपर्छ । सँगै देशमा सञ्चालित अन्तर्राष्ट्रिय विश्वविद्यालयका अनुमति प्राप्त शिक्षण केन्द्रहरू तथा क्याम्पसहरूलाई क्रमशः समय तोकेर हटाउने काम पनि गर्न आवश्यक छ ।

उच्च शिक्षाको भौगोलिक अवस्थिति, भौगोलिक चित्राङ्क, सामाजिक चित्राङ्कन गरी अनुकूलता तथा आवश्यकताको अध्ययन गरी उच्च शिक्षाका निम्ति उपयुक्त स्थान तथा विषयको प्राथमिकता सूची तयार पारी हाल सञ्चालनमा रहेका विद्यालय तहको प्राविधिक तथा व्यावसायिक शिक्षा र उच्च शिक्षा प्रदायक संस्थाको पुनर्स्थानान्तरण, पुनर्संरचना गरी न्यायमूलक बनाउने काम गर्नुपर्दछ । उच्च शिक्षाका हरेक तह र विषयहरूको पाठ्यक्रम, अनुसन्धान तथा शिक्षण क्रियाकलापमा केन्द्रित गर्ने तथा स्नातक तथा स्नातकोत्तर तहका अन्तिम वर्षका विद्यार्थीलाई अनिवार्य एक वर्ष अभ्यास कार्यमा पठाउने नीति कडाईका साथ लागु गर्नुपर्छ ।

विषय क्षेत्रअनुसार रोजगारदाता पहिचान गरी उच्च प्रविधिको प्रयोग गर्दै हरेक विद्यार्थीलाई विषयगत क्षेत्रमा व्यवसायीकरणमा जोड कार्यक्रम अहिलेको आवश्यकता हो । उच्च शिक्षामा उत्पादन, व्यापार, सेवाको उत्पादकत्व वृद्धि गर्न सहयोग पुग्ने गरी आवधिक समय तोकेर पाठ्यक्रम निर्माण तथा परिमार्जन गर्ने काम गर्नुपर्छ । साधारण धारको शिक्षाको ९० प्रतिशत जनशक्ति उत्पादनको अवस्थालाई प्राविधिक शिक्षा र धेरै शैक्षिक निकायहरूलाई प्राविधिक विश्वविद्यालयमा रूपान्तरणका निम्ति चाँडै नै काम थाल्नुपर्ने देखिन्छ । नत्र हामी दक्ष होइन अदक्ष मात्रै जनशक्ति उत्पादन गर्ने काम गरिरहन्छौं ।

विद्यमान पाठ्यक्रमको निमार्ण तथा कार्यान्वयनका निम्ति आवश्यक भौतिक पूर्वाधार तथा प्रविधिको युक्तिसंगत प्रयोग आजको आवश्यकता हो । पाठ्यक्रम निर्माण र सोको गुणस्तर प्रत्याभूत प्रणाली कार्य अभ्यासबाट सुनिश्चित गर्ने काम हुनुपर्छ । कुल श्रमशक्तिको ०.६ प्रतिशत मात्र वैज्ञानिक एवम् प्राविधिक पेशागत क्रियाकलापमा संलग्न भएको पाइन्छ । राष्ट्रको बृहत्तर विकासका लागि विज्ञान तथा प्रविधिसँग जोड्ने जनशक्तिको विकास अनिवार्य छ । विज्ञान तथा प्राविधिक जनशक्ति उत्पादन गर्न तथा अध्ययन, अनुसन्धानमा आधारित उद्यमशीलता र रोजगारी सिर्जना गर्न प्रविधिमूलक शिक्षामा आर्थिक लगानी वृद्धि गर्नुको विकल्प छैन । जनशक्तिको राष्ट्रिय माग, मागबमोजिमको पूर्तिको अवस्था, सीपको गुणस्तर र समय सान्दर्भिक सुधारका लागि विद्यालय तहदेखि विश्वविद्यालय सम्मको अध्ययन, अनुसन्धानमा जोड दिँदैं, जनशक्ति विकासमा राज्य, सरकार सचेत हुनैपर्छ । राज्यको सामाजिक-आर्थिक विकासका लागि आवश्यक पर्ने गुणस्तरिय शिक्षाबाट दक्ष जनशक्ति तयार गर्ने नीति तर्जुमा गर्ने र क्षेत्रगत विज्ञहरू तयार पार्ने कार्यमा पनि सरकार संवेदनशील हुनुपर्छ ।

नेपालको सन्दर्भमा शिक्षा क्षेत्रमा उचित ऐन कानूनको पनि अभाव छ । उच्च शिक्षा प्रणाली तथा व्यवस्थापकीय पक्षमा हस्तक्षेपकारी अल्पकालीन, मध्यकालीन तथा दीर्घकालीन रणनीति अवलम्वन गरी शिक्षाको समग्र विकृति, विसंगति तथा असफलतालाई निराकरण गरी गुणात्मक, विश्वसनीय, दक्ष जनशक्ति विकासबाट माग र पूर्तिमा सन्तुलन कायम गर्न प्रतिबद्ध प्राज्ञिक तटस्थ पदाधिकारी नेतृत्वमा पुग्ने ऐन कानून जारी निर्माण गर्नुपर्दछ ।

राष्ट्रिय आवश्यकतामा केन्द्रित अनुसन्धानलाई सम्बन्धित विषय क्षेत्र तथा आधिकारिक निकायमा सूचित गर्ने र उपयोग गर्ने परम्पराको थालनी विश्वविद्यालयहरूले गर्नुपर्छ । विश्वविद्यालयबाट उत्पादित जनशक्ति गुणस्तरीय, असल नागरिक, र राष्ट्रिय आवश्यकता पूर्ति गर्न सक्ने सुनिश्चितता गर्ने र विश्वविद्यालय शिक्षाका शिक्षण सिकाइलाई उद्यमशीलता र रोजगारी सिर्जना गर्ने कार्यक्रमसँग बढीभन्दा बढी आबद्ध गर्ने र विश्वविद्यालयहरूलाई आत्मनिर्भर र प्रतिस्पर्धी बनाउने काम हुनुपर्छ । विश्वसनीय तथ्यपरक सूचना प्रवाह प्रक्रियाबाट मानव संशाधन प्रक्षेपण गर्न रोजगारदाता र रोजगार सूचना प्रवाह गर्ने प्रणाली विकास गर्न सकिन्छ । राष्ट्रिय योजना आयोगले सबै तह र क्षेत्रबाट स्वचालित प्रक्रियाबाट सबै तथ्यांक जानकारी प्राप्त हुने सफ्टवेर निर्माण तथा व्यवस्थित गर्ने र विश्वविद्यालयहरूलाई त्यसैअनुरूप जनशक्ति उत्पादनमा जोड्न सक्दछ । व्यवस्थित विधि, प्रक्रिया र मापदण्डलाई अगाडि बढाए उचित दक्ष जनशक्ति विकास सहज छ । त्यसो भएमा मुलुकको सर्वाङ्गिण विकास हुने कुरा टाढाको छैन ।

***(लेखक पोखरेल शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका उपसचिव हुन् ।)***

## सामाजिक सञ्जाल



**- रञ्जित तामाङ**

क्रसर बन्द हुँदा विकास निर्माणको रोकिन्छ, मानैं । तर, बन्द भएको केही दिनभित्रै सरकारी विकास निर्माणको काम रोकिएको होहल्ला स्वभाविक छैन । चुरेको ढिस्काजत्रो स्टकहरू कहाँ गयो ? निर्माण व्यवसायी, क्रसर उद्यमी र सरकारी संयन्त्रको नाभी कसरी जोडिएको छ, यही होहल्लाले पनि पुष्टी गर्छ ।



**- डम्मर खतिवडा**

मुख्यमन्त्री सबै पुरूष, प्रदेशका सभामुख सबै पुरूष, उपसभामुख मात्रै महिला, यिनै दल र नेताका चर्का समावेशिताका कुरा । त्यसैले भन्या हो हामीले– समावेशी, समानुपातिक, सहभागितामूलक लोकतन्त्र आएकै छैन । त्यसका लागि अझै एक विद्रोह, आन्दोलन, क्रान्ति र संविधान संशोधन अत्यावश्यक छ ।



**- कोमल ओली**

अब हामीले सडक र सुरूङमार्गमा ध्यान दिनुपर्छ । भैरहवाको एयरपोर्टमा पनि प्लेन बस्न अप्ठेरो पारेको सुनियो । पोखरामा डाँडा काट्नु पर्छ । यत्रो लगानी गरियो । यदि त्यही खर्चले सुनौलदेखि पोखरासम्म चार लेनको बाटो बनाई दिएको भए आज कति टुरिष्ट आउँथे । नेपालको भूबनोटअनुसारको विकास हुनुपर्‍यो ।



**- शान्ताराज सुवेदी**

नेपाल टेलिकमको सेवा एक्कासी अवरूद्ध भएको यो पहिलो पटक होइन । यसअघि पनि यस्ता घटना पटक–पटक भइरहन्थे । त्यसैले समस्याको जरोमा पुगी सिस्टममा सुधार गरेर आगामी दिनमा यस्ता समस्या नआउने गरी समाधान गर्नुपर्छ । नत्र सार्वजनिक निकायबाट हुने सेवा प्रवाहप्रति बारम्बार प्रश्न उठ्ने छ ।



**- प्रेम घर्ती मगर**

राजतन्त्रको नारा बोकेर गणतान्त्रिक सरकारमा लाभ लिएको भन्दै कमल थापाको खुबै बिरोध भयो, गाली गरियो । अब फेरि राजेन्द्र लिङ्देनले पनि कमल थापाको पद्चाप पछ्याउँदै, गणतान्त्रिक सरकारमा लाभ लिन थालेका छन् । सत्ता र सरकारको खातिर राप्रपाले नैतिकता/एजेण्डा बिर्सिएकै हो ?

# राजनीतिक समीकरण र प्रचण्ड

टिप्पणी



● नारायण गाउँले

*०५१ एमालेका मनमोहन अधिकारीले अल्पमतको सरकार बनाउँदा लगभग संसदको पूर्ण समर्थन पाएका रहेछन् । प्रतिपक्षमा रहेको कांग्रेसले समेत विश्वासको मत दिएको रहेछ । उनको छोटो कार्यकाल पनि आजसम्म सम्मानपूर्वक सम्झिइने गरिन्छ । अहिले पुष्पकमल दाहाल 'प्रचण्ड'ले मनमोहनको त्यो अवसर पाएका छन् ।*



चुनाव अगाडि एमालेका अध्यक्ष केपी शर्मा ओलीले "रेकर्ड राख्नुस्" भन्दै "माओवादी बिचौलिया दल बन्ने तर, एमालेको पूर्ण बहुमत आउने हुनाले बिचौलियाको कुनै भूमिका नहुने" बताएका थिए । कांग्रेसले त 'बहुमत' शब्द उच्चारण गर्ने आत्मविश्वाससमेत गुमाइसकेको थियो र पनि पहिलो पार्टीका रूपमा सत्तामाथि आफ्नो 'पत्ता' सधैँ माथि रहने उसको विश्वास थियो । ओलीले भने झैँ भोट त माओवादीले बिचौलिया बन्ने स्तरकै पाएको हो । तर, परिस्थिति यस्तो बन्यो कि उल्टै एमाले र कांग्रेसलाई उसले बिचौलिया बनाइदियो । अरूलाई सजिलै बिचौलिया भन्नेले पनि त्यही भूमिकामा आफू हुँदा चाहिँ 'किंगमेकर' भन्ने या 'सत्ताको चाबी हाम्रो हातमा छ' भन्ने आत्मवञ्चनामा रमाउने हुँदो रहेछ । उसो त ढोकाको चाबी गेटपालेसँग पनि हुन्छ ।

यसअघि ०५१ एमालेका मनमोहन अधिकारीले अल्पमतको सरकार बनाउँदा लगभग संसदको पूर्ण समर्थन पाएका रहेछन् । प्रतिपक्षमा रहेको कांग्रेसले समेत विश्वासको मत दिएको रहेछ । उनको छोटो कार्यकाल पनि आजसम्म सम्मानपूर्वक सम्झिइने गरिन्छ । अहिले पुष्पकमल दाहाल 'प्रचण्ड'ले मनमोहनको त्यो अवसर पाएका छन् । तर, आवश्यकता भन्दा बढी शक्तिले उन्माद र निरंकुशता जन्माउने उदाहरण पनि छन् ।

संविधानतः विपक्षले दुई वर्षसम्म अविश्वासको प्रस्ताव ल्याउन सक्दैनथ्यो । तर, बहुमत पुग्न समर्थन गरेका दलमध्ये कुनैले बिचैमा समर्थन फिर्ता लिएको खण्डमा चाहिँ सरकारले फेरि विश्वासको मत लिनुपर्ने प्रावधान रहेछ । संवैधानिक बाध्यतालाई राजनीति र पार्टीको सम्बन्ध कति तरल छ भन्ने प्रचण्डले जति कसले बुझेको होला ! मेरूदण्डविहीन कांग्रेसको विश्वासको मत यही कमजोरीलाई ध्यान दिएर प्रयोग भएको हुनुपर्छ । कांग्रेसको निर्णयसँगै अब कुनै एउटा दलले मेरो समर्थन फिर्ता गर्छु भन्दैमा प्रचण्डको कुर्सी हल्लिने देखिन्न ।

पछिल्ला घटनाक्रमलाई हेर्दा, चुनाव जसले जितून् राजनीति माओवादीले नै जितेको छ । राम्रो होस् या नराम्रो, देश उसकै एजेन्डामा हिँडेको छ । प्रधानमन्त्रीबाट हट्ने बित्तिकै बाँदरमुढेको तस्बीर बेचेर प्रचण्डलाई हत्यारादेखि विदेशी दलालसम्म सबै गाली गरेर वर्षैभरि संसद चल्न नदिने ओली आज प्रचण्डलाई प्रधानमन्त्री बनाएर आफुँ बिचौलिया बन्न पाउँदा मख्ख छन् । ठूलो स्वरमा लोकतन्त्र र संविधान रक्षाको बकबक गर्ने कांग्रेसले त संवैधानिक मर्यादा र लोकतान्त्रिक मूल्य मात्रै होइन, आफू कहाँ र केमा उभिएको छु भन्ने पनि होस् गुमाएको छ । ऊ प्रमुख बिचौलिया बन्न संघर्ष गर्दै छ । दुबैको प्रतिष्पर्धा बिचौलिया बन्न या बनिरहनका लागि हो । माओवादी एक कित्ता माथि छ । बत्तीमा पुतलीजस्तो सत्ता र अरू पार्टीको के कुरा गर्नु !

संविधान, लोकतन्त्र, अदालत, राष्ट्रपति, संसद्, प्रतिपक्ष जस्ता सबै खाले संस्थाको सम्मान र विश्वसनीयता यतिबेला निम्नतम बिन्दुमा झरेको छ । विश्वासको मतमा देखिएको यो अद्भुत विश्वास पनि एकअर्काप्रतिको अविश्वासकै अभिव्यक्ति हो । जसरी एउटा गरिब किसानले आफ्नो आयले मात्रै होइन, ऋण लिएरै पनि हेलिकप्टर किन्न सक्दैन, देशको अवस्था पनि उस्तै छ । किसानलाई मल किन्न त ऋण मिल्ला, हेलिकप्टर किन्न कसैले ऋण पत्याउन्न । आफ्नो आयले तलबभत्ता खुवाउन नसक्ने देशलाई सिङ्गापुर बनाउन कसले पो लगानी गर्ला र ? तैपनि नगरी त झन् केही पनि हुँदैन । गर्ने हो भने प्रचण्डलाई जस्तो अवसर शायदै अरू कसैलाई मिल्ला ! तर, प्रचण्डले यो अवस्थालाई बुझ्छन् वा बुझ्दैनन्, त्यो त समयमै बताउला । तर, जनता प्रचण्डले यो अवसरलाई सही ढंगबाट प्रयोग गरुन भन्ने अपेक्षामा छन् । जनताले धेरै अपेक्षा राखेका छैनन्, तरपनि उनीहरुको सामान्य अपेक्षालाई पुरा गर्न राजनीतिक स्थीरता अनिवार्य सर्त हो ।

***(लेखक गाउँलेले पछिल्लो राजनीतिबारे सामाजिक सञ्जालमार्फत गरेको टिप्पणीलाई सम्पादनसहित राखिएको हो ।)***

## तपाईको राशिफल

- **मेष** : दैनिक कार्य सफल हुनेछ । शान्तिमा वृद्धि हुने देखिन्छ ।
- **वृष** : कार्यमा प्रगति हुन्छ । बाहन चलाउँदा सावधानी राख्नुहोला ।
- **मिथुन** : मुद्दा मामिलासम्बन्धी समस्या हुने देखिन्छ । वाणी संयम् जरूरी छ ।
- **कर्कट** : बाहन प्राप्तिको योग छ । विपरित लिङ्गीसँग मित्रता हुने देखिन्छ ।
- **सिंह** : आहारमा विशेष ध्यान दिनुपर्ने देखिन्छ । परिश्रमबाट सफलता मिल्नेछ ।
- **कन्या** : यात्रा सफल हुनेछ । धार्मिक कार्यहरूमा सहभागिता बढ्ने योग छ ।
- **तुला** : अनावश्यक जिम्मेवारी लिनु हुँदैन । पूँजी निवेशमा सावधानी राख्नुपर्ने देखिन्छ ।
- **वृश्चिक** : राजनैतिक कार्यहरू सफल हुने देखिन्छ । विधार्थीहरूको लागि समय राम्रो छ ।
- **धनु** : सबै कार्यमा सावधानी राख्नुपर्ने देखिन्छ । पदोन्नति हुने योग छ ।
- **मकर** : स्वास्थ्य सामान्य रहन्छ । पारिवारिक दायित्वहरूमा वृद्धि हुनेछ ।
- **कुम्भ** : रूकावटहरू समाप्त हुनेछन् । तर, बाहन सावधानी जरूरी छ ।
- **मीन** : बाहिरी सहयोग प्राप्त हुन्छ । तर, पारिवारिक उल्झनले अशान्ति पैदा गर्नेछ ।



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम । सानेपा, काठमाडौं, नेपाल*
*फोन : ९८४१५९२५५२, इमेल : dhruvswamig@gmail.com*

# संकटमा नर्सरी व्यवसाय



**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
माघ, ३ गते

रौतहटमा बिरूवाहरू उचित मूल्यमा बिक्री नहुँदा नर्सरी व्यवसाय नै संकटमा पर्दै गएको छ । कटहरिया नगरपालिका वडा नम्बर ३ विर्ति प्रष्टोकाका नर्सरी व्यवसायीहरू अहिले आर्थिक संकटको सामना गरिरहेका छन् । उनीहरु नर्सरी व्यवसाय छोडेर विस्थापित हुने अवस्थामा पुगेका छन्। पहिला चलन चलतीमा रू.५० मा बिक्री हुने बिरुवा अहिले २० देखि २५ रूपैयाँ बिक्री हुन थालेपछि नर्सरी व्यवसायीहरू मर्कामा परेका हुन्। पहिला बिरुवा अधिकतम् ७५ रूपैयाँसम्म पनि बिक्री हुन्थ्यो, त्यति बेला नर्सरी पेशामा लागेकाहरू मनग्ये आम्दानी गर्थे । तर अहिले भने त्यस्तो अवस्था छैन् ।

गाउँको ९९ प्रतिशत मानिसहरू पहिला नर्सरी व्यवसाय गर्थे तर अहिले बिरूवाको उचित मूल्य नपाउँदा आधा जतिले यो पेशाबाट निराश भइ अर्को पेशा रोज्न बाध्य भएका छन् । दर्जनौं व्यवसायीले व्यवसायबाट पलायन हुने अवस्था आएको छ । वर्षौंदेखि कटहरिया ३ विर्ती प्रष्टोकामा दिलिप फलफूल नर्सरी सञ्चालन गर्दै आएका विद्यालाल रौनियारले नर्सरी व्यवसायमा बिरूवाको उचित मूल्य नपाउँदा चल्नै नसक्ने अवस्था आएको बताए । उनले भने, 'नर्सरी व्यवसायमा काम गर्ने कामदारहरूको पारिश्रमिक पुर्‍याउन समेत धौँ-धौँ भइरहेको छ, घाटा खाएर काम गर्नुपर्ने बाध्यता छ। हामी अब गर्ने के त ? पेशा छोड्न पनि सकिँदैन। हामी दोधारमा आइपुगेका छौं ? जिम्मेवार निकायले हाम्रो कुरा नसुनिदिएका कारण यस्तो समस्या आएको हो ।'

विर्तिमा अधिकांश मानिसहरू नर्सरी व्यवसाय गर्छन्। उनीहरूलाई बिरुवा बेच्न पनि अहिले गाह्रो छ । देशमा तीन तहको सरकार छ । तर तीनै तहको सरकारले नर्सरी व्यवसायीको पीडा नबुझ्दा यस्तो अवस्था हुन पुगेको नर्सरी सञ्चालकहरूको गुनासो छ । खासगरी स्थानीय सरकारले यसप्रति विशेष ध्यान दिनुपर्ने उनीहरुको गुनासो छ ।

# यारी नाका पुनः सुचारु

**मध्यान्ह संवाददाता**
हुम्ला, ३ माघ

उत्तरी चीनसँगको सिमाना यारी नाका पुनः सुचारु भएको छ। सुचारु भएसँगै ३३ वटा गाडीले निर्माण सामग्री आयात गरेको छ।

चीनले यारी नाका एकतर्फी खुला गरेपछि यी सामग्री भित्रिएका हुन् । चीनबाट ३३ वटा ट्रक र साना गाडीमा निर्माण सामग्री यारी नाकाको हिल्सा भित्रिएको प्रमुख जिल्ला अधिकारी सीता परियारले जानकारी दिइन् ।

जुन सामग्री पुस २९ गते ९, ३० गते २२ र माघ १ गते २ ट्रक र साना गाडीकाट सामान भित्रिएको हो । यसअघि चिनियाँ पक्षले आवश्यक परे यारी नाकाबाट जतिखेर र जति परिमाण सामान एकतर्फी रुपमा पठाउन सकिने जनाएको थियो ।

चिनियाँ पक्षको उक्त कार्य अनुसार निर्माण सामग्री छड, सरिया र सिमेन्ट आयात हुने काम भएको थियो । यसमा १० हजार ६ सय बोरा सिमेन्ट भित्रिएको छ भने चार ट्रक सरिया र छड आयात भएको छ। यतिबेला सबै विकास निर्माणका सामग्री भित्रिएका हुन् । हाल चिनियाँ पक्षले सामान पठाउने कार्य मात्र गरेको र कुन व्यापारीको कति भन्ने यकिन भएको छैन। सबै सामान आएपछि त्यसको यकिन हुने भएको छ । पछिल्लो पटक आएको निर्माण सामग्रीको मूल्यबारे पनि अहिले केही थाहा छैन । यसका लागि यारी नाका भन्सार कार्यालयका प्रमुख रामराज जैसी दोस्रो पटक यारी हुँदै हिल्सातर्फ गएका छन्। अब चीनबाट आयात हुने सामानबारे केही नखुलाइएको भए पनि प्रजिअ परियारले अझै सामान आउने विश्वास व्यक्त गरेकी छन्। यसअघि पुस १३ गते कोरोनापछि चीनले एकतर्फी नाका खुलाएर १८ गाडी व्यापारीको खाद्यान्न र लत्ताकपडा हिल्सामा पठाएको थियो ।


# कर्मचारी हटाईएको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त यस Ekta International Pvt. Ltd. (श्रम इजाजत पत्र नं. ४५९/०६०/०६१) मा कार्यरत कर्मचारीलाई यस कार्यालयबाट मिति २०७९/०९/२४ गते देखि कार्यालयबाट विदाई गरिएको छ । निजहरुसँग यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्न/नगराउन हुन यसै सार्वजनिक सूचनाद्वारा जानकारी गराईन्छ र यदि गरे गराएमा यस कम्पनी जिम्मेवार हुने छैन। साथै कुनै दाबी बिरोध भएमा ७ (सात) दिन भित्र यस प्रा. लि.मा वा बैदेशिक रोजगार विभाग कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

| सि.नं. | कर्मचारीहरुको पद | कर्मचारीहरुको नाम |
|---|---|---|
| १. | Recruitment Manager | गृबराज न्यौपाने |
| २. | Organization Representative | प्रकाश सिंह |
| ३. | Account Officer | सुशिला श्रेष्ठ |
| ४. | Data Entry Officer | रबिना पुडासैनी |
| ५. | Helper | सोनिया चौधरी |

**एकता ईन्टरनेशनल प्रा. लि.** श्रम इजाजत पत्र नं.: ४५९/०६०/०६१
टोखा-१०, सामाखुसी, काठमाडौं, फोन: ४९८०७०४, ४९८८४९६

# कर्मचारी हटाईएको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त यस Kabeli Human Resource P. Ltd. (श्रम इजाजत पत्र नं. ८०७/०६५/०६६) मा कार्यरत कर्मचारीलाई यस कार्यालयबाट हटाईएको सम्बन्धित सबैमा जानकारी गराइन्छ । निजहरुसँग यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्न/नगराउन हुन यसै सार्वजनिक सूचनाद्वारा जानकारी गराईन्छ र यदि गरे गराएमा यस कम्पनी जिम्मेवार हुने छैन। साथै कुनै दाबी बिरोध भएमा ७ (सात) दिन भित्र यस प्रा. लि.मा वा बैदेशिक रोजगार विभाग कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

| सि.नं. | कर्मचारीहरुको पद | कर्मचारीहरुको नाम | नागरिकता नं. |
|---|---|---|---|
| १. | Receptionist | कुसुम उपाध्याय | 631001/815 |
| २. | Cleaner | रिना नगरकोटा | 283009/154 |
| ३. | Manager | नरेन्द्र काफ्ले | 697161 |
| ४. | Accountant | रोजिना सिंह ठकुरी | 091010/322 |
| ५. | Accountant | रोजिना थापा | 27-01-72-01634 |

**काबेली ह्युमन रिसोर्स प्रा. लि.** Govt. Lic No.: 807/065/066
पिंगलास्थान-९, गौशाला, काठमाडौं, नेपाल, फोन: ४११३६०७, फ्याक्स: ४११३६०७

# युएई र कतारमा वैदेशिक रोजगारको अवसर

१. कम्पनी : **Adyard Abu Dhabi L.L.C.** शहर : UAE,Abu Dhabi
पूर्व स्वीकृत मितिः २०७९/१०/०३ चलानी नं.: ६०१९५०८४ LT. No.: 279599

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Scaffolder | 44 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४२,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Riggers | 47 | 0 | | 1200 | ४२,४२० | | | | | | | |
| 3. | Gas Fitter | 48 | 0 | | 1200 | ४२,४२० | | | | | | | |

२. कम्पनी : **MADINA GROUP W.L.L** शहर : Qatar,doha
पूर्व स्वीकृत मितिः २०७९/१०/०३ चलानी नं.: ६०१९५०८६ LT. No.: 279601

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Petrochemicals | 4 | 0 | स. काममा दक्ष | 1200 | ४२,५२८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनी : **The Way Point Trading & Decoration** शहर : Qatar,doha
पूर्व स्वीकृत मितिः २०७९/०८/११ चलानी नं.: ६०१९२१९६ LT. No.:276673 पुन:विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Admin Director | 1 | 0 | स. काममा दक्ष | 5700 | २०२,००८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Admin Manager | 1 | 0 | | 5700 | २०२,००८ | | | | | | | |
| 3. | Business Executive | 2 | 0 | | 2500 | ८८,६०० | | | | | | | |
| 4. | Customer Service | 1 | 0 | | 2200 | ७७,९६८ | | | | | | | |
| 5. | Driver | 1 | 0 | | 1700 | ६०,२४८ | | | | | | | |
| 6. | Executive Sales | 1 | 0 | | 2100 | ७४,४२४ | | | | | | | |
| 7. | Foreman | 3 | 0 | | 2500 | ८८,६०० | | | | | | | |
| 8. | General Supervisior | 1 | 0 | | 2500 | ८८,६०० | | | | | | | |
| 9. | Labor Services | 1 | 0 | | 1000 | ३५,४४० | | | | | | | |
| 10. | Market Manager | 2 | 0 | | 5700 | २०२,००८ | | | | | | | |
| 11. | Representative | 2 | 0 | | 2200 | ७७,९६८ | | | | | | | |
| 12. | Supervisior | 3 | 0 | | 2500 | ८८,६०० | | | | | | | |

४. कम्पनी : **AL MANA VENTURES WLL** शहर : Qatar,doha
पूर्व स्वीकृत मितिः २०७९/०६/२० चलानी नं.: ६०१९१३७३ LT. No.: 275798 पुन:विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter | 13 | 0 | सम्बन्धित काममा दक्ष | 1400 | ४९,६१६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaner | 1 | 0 | | 1000 | ३५,४४० | | | | | | | |
| 3. | Cashier | 0 | 1 | | 1300 | ४६,०७२ | | | | | | | |

५. कम्पनी : **THE COFFEE BEAN & TEA LEAF** शहर : Qatar,doha
पूर्व स्वीकृत मितिः २०७९/०३/१७ चलानी नं.: ६०१८२२७४ LT. No.: 266381 पुन:विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter | 1 | 0 | स. काममा दक्ष | 1400 | ४९,६१६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौँमा २०७९ माघ ११ गते (25 January 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Seagull International Global H.R. Consultants Pvt. Ltd.**
(Birad Associates Pvt. Ltd.)
इजाजत न.: ४०७/०६०/०६१
Sukedhara-4, Kathmandu, Nepal | Tel : 014375822, 014375824,
Mob.: 9847754585, 9847754586 , E-mail: cm.seagull55@gmail.com

# मलेसिया र साउदीमा रोजगार

१. कम्पनी : **CENS PLASTIC INDUSTRIES SDN BHD** शहर: Malaysia, Selangor
पुर्व स्वीकृत मितिः २०७९/०६/१६ चलानी नं.: ६०१८६६३९ LT. No.: 270844 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Workers | 100 | 0 | स. काममा दक्ष | 1500 | ४४,९१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनी : **Forsan Foods and Consumer Products Co. Ltd** शहर: Riyadh
पुर्व स्वीकृत मितिः २०७९/०३/१९ चलानी नं.: ६०१८२३७८ LT. No.: 266488 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Packaging & Wrapping Worker | 15 | 0 | स. काममा दक्ष | 1000 | ३४,५७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

३. कम्पनी : **Saad Ali Al Essa Contracting Group** शहर: Riyadh
पुर्व स्वीकृत मितिः २०७९/०५/०५ चलानी नं.: ६०१८५७६८ LT. No.: 269913 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Bus Driver | 10 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ६२,२२६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Carpenter Structural Templates | 2 | 0 | | 1200 | ४१,४८४ | | | | | | | |
| 3. | Electric Power Line Labor | 2 | 0 | | 1000 | ३४,५७० | | | | | | | |
| 4. | Heavy Equipment Driver | 20 | 0 | | 2200 | ७६,०५४ | | | | | | | |
| 5. | Heavy Truck Driver | 10 | 0 | | 1800 | ६२,२२६ | | | | | | | |
| 6. | Mason | 2 | 0 | | 1200 | ४१,४८४ | | | | | | | |
| 7. | Plumbers | 2 | 0 | | 1200 | ४१,४८४ | | | | | | | |
| 8. | Scaffolding Erector | 5 | 0 | | 1500 | ५१,८५५ | | | | | | | |
| 9. | Smith | 2 | | | 1200 | ४१,४८४ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ माघ ११ गते (25 January 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. कामका विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**A.S. International Group Pvt. ltd.**
Gov. lic. No. 1155/073/74
Samakhusi-26, Kathmandu Nepal,Tel: 01-5900381/5901381
Email: asintldemand@gmail.com

# साउदीमा रोजगार

१. कम्पनी: **CONTRACTORS UNION COMPANY TRANSPORTATION AND CONTRACTING** शहर: SAUDI
पूर्व स्वीकृत मितिः २०७९/०६/२७ चलानी नं.: ६०१८९१८० L.T. No.:273721 पुन:विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Driver | 1 | 0 | स. काममा दक्ष | 1800 | ६२,४४२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: **BRANCH OF AL-HASANIYA CORPORATION FOR HOTELS OPERATION, RADWA HOLIDAY INN, YANBU** शहर: JEDDAH
पूर्व स्वीकृत मितिः २०७९/१०/०३ चलानी नं.: ६०१९५११६ L.T. No.:279612

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Bus Driver | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ६२,४४२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Swimming Lifeguard | 1 | 0 | | 1800 | ६२,४४२ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौँमा २०७९ माघ ११ गते (25 January 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**ब्रिज स्काई ईन्टरनेशनल प्रा. लि.**
श्रम इजाजत नं. ५७३/०६२/०६३
PO Box : 24789, Dhapasi, Near Shahanshah Hotel, Kathmandu, Nepal.
नेपाल फोन नं. ४९५३३२१, ४९५४९७१ ४९५६३६१, फ्याक्स: ४४६५३९५
Email : admin@bridgeskyint.com.np Website: www.bridgeskyint.com.np

# कतारमा रोजगारको अवसर

कम्पनी : **AL RAFEE DEVELOPMENT CO WLL** शहर: DOHA
पूर्व स्वीकृत मितिः २०७९/१०/०३ चलानी नं.: ६०१९५०७६ L.T. No.: 279650

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३५,६६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Mason | 3 | 0 | | 1200 | ४२,७९२ | | | | | | | |

# मलेशियामा रोजगार

कम्पनी : **HORIZON INDUSTRIES SDN BHD** शहर: Malaysia, Penang
पूर्व स्वीकृत मितिः २०७९/१०/०३ चलानी नं.: ६०१९५१२६ L.T. No.: 279576

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 2 | 0 | स. काममा दक्ष | 1500 | ४५,२८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौँमा २०७९ माघ ११ गते (25 January 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझ्न विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला

**PEOPLE H.R.S. PVT. LTD.**
Gov. Lic No. 1475/074/075
Sinamangal-9, Kathmandu, Nepal, Tel.: 4110617
Email: connectus1475@gmail.com, Web.: www.peoplehrsnepal.org

# ROMANIA मा रोजगार

कम्पनी : **WORK INN LOCATIONS SRL** शहर : GIURGIU
पूर्व स्वीकृत मितिः २०७९/०९/०१ चलानी नं.: ६०१९५०५६ LT. No.: 277869

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | USD | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Confectioner | 5 | 0 | सम्बन्धित काममा दक्ष | 650 | ८४,६८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Construction Worker | 20 | 0 | | 550 | ७१,६५९ | | | | | | | |
| 3. | Cook Helper | 10 | 10 | | 550 | ७१,६५९ | | | | | | | |
| 4. | Electrician | 5 | 0 | | 600 | ७८,१७४ | | | | | | | |
| 5. | Factory Worker | 20 | 0 | | 550 | ७१,६५९ | | | | | | | |
| 6. | General Worker | 25 | 0 | | 550 | ७१,६५९ | | | | | | | |
| 7. | Tailor | 10 | 10 | | 550 | ७१,६५९ | | | | | | | |
| 8. | Welder | 5 | 0 | | 600 | ७८,१७४ | | | | | | | |

**अन्तर्वार्ता बाजेको सेकुवा, पोखरा, कास्कीमा २०७९ माघ ११ गते (25 January 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. ५०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिजा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. कामका विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**शल्मानी ओभरसिज प्रा. लि.**
कोटेश्वर, काठमाडौं, नेपाल । फोन: 01-5147227/5147228, 9809373564
श्रम इजाजत नं. ८२८/०६६/०६७

# मलेसियामा वैदेशिक रोजगारीको अवसर !!

1. Employer Company : MYRTA SDN. BHD.

| पूर्व स्वीकृत मितिः | २०२३/०१/१७ | चलानी नं.: | ६०१९५१५९ | एल टि नं.: | २७९६१४ |
|---|---|---|---|---|---|
| Pre Approval Date: | 2023/01/17 | Invoice No.: | 60195159 | L.T. No.: | 279614 |

| सि.नं | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | रिङ्गिट | ने.रु. | ओभरटाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | बार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अबधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 50 | 0 | स. काममा दक्ष | 1500 | ४५,२८५ | कम्पनीको नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियम अनुसार | छैन | छ | दुई वर्ष |

2. Employer Company : IAC MANUFACTURING (M) SDN BHD

| पूर्व स्वीकृत मितिः | २०२३/०१/१७ | चलानी नं.: | ६०१९५१६० | एल टि नं.: | २७९४५४ |
|---|---|---|---|---|---|
| Pre Approval Date: | 2023/01/17 | Invoice No.: | 60195160 | L.T. No.: | 279454 |

| सि.नं | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | रिङ्गिट | ने.रु. | ओभरटाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | बार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अबधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 30 | 0 | स. काममा दक्ष | 1500 | ४५,२८५ | कम्पनीको नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियम अनुसार | छैन | छ | दुई वर्ष |

**अन्तर्वार्ता ऐक्शेस पार्टनर्स अफिस, बानेश्वर, काठमाडौंमा अनलाईन मार्फत मिति ११ माघ २०७९ गतेमा हुनेछ ।**
**Online Interview will be held at Access Partners Office at Baneshwor, Kathmandu on 25th January 2023.**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले ब्यहोर्ने र कति लाग्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | विदेशमा गर्ने मेडिकलको शुल्क कस्ले ब्यहोर्ने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले ब्यहोर्ने/कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कस्ले ब्यहोर्ने Who will bear the Visa Cost | भिषा स्ट्याम्पीङ शुल्क कस्ले ब्यहोर्ने Who will bear the Visa Stamping Cost | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले ब्यहोर्ने How much is the Orientation Cost and who will bear it | कल्याणकारी कोष सम्बन्धी व्यवस्था Management of Workers Welfare Fund | सेवा शुल्क कति लाग्ने र कस्ले ब्यहोर्ने How much is the Service Fee and who will bear it |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने उमेर १८ देखि ३५: ने.रु.३७०८।- उमेर ३६ देखि ५०: ने.रु.४९३१।- उमेर ५१ देखि ६४: ने.रु.९४६३।- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | ने.रु.७००।- रोजगारदाताले ब्यहोर्ने NPR 700/- By the Employer | ने.रु.१५००।- रोजगारदाताले ब्यहोर्ने NPR 1500/- By the Employer | नि:शुल्क Free |

**अन्तर्वार्ता कोभिड-१९ को सुरक्षा प्रक्रिया र सामाजिक दूरी कायम गरी आयोजना गरिनेछ ।**
Interview shall be conducted adhering to social distancing guidelines and COVID-19 protocols.

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १.आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस्। २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३.यस विज्ञापन (सूचना) मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनु पर्नेछ । ५.विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६.कामका विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७.यस विज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।
Information provided by the Department of Foreign Employment (DOFE) 1.Confirm that visa is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Buddhanagar.

**access partners pvt. ltd.**
Govt. Lic. No. 1520/074/075
Baneshwor, Kathmandu | Contact: 01-4105010, 9851322444, 9801179555
Email: info@accesspartners.com.np | www.accesspartners.com.np

# मलेसियामा रोजगार

कम्पनी: **GLOBAL GUARD SERVICES & SECURITY (M) SDN BHD** शहर: JOHOR
पूर्व स्वीकृत मिति: २०७९/१०/०३ चलानी नं.: ६०१९५०८८ L.T. No.: 279426

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 82 | 0 | स. काममा दक्ष | 1500 | ४५,२८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ माघ ११ गते (25 January 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझ्न विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधार अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला

**Al Raas Recruitment Services Pvt. Ltd.**
Gov. Lic No. 1140/073/074
Sukedhara-4, Kathmandu, Nepal Tel : 01-4375437
Email : alraasreception@gmail.com, alraasrecruitment@gmail.com

# UAE मा Security Guard हरुलाई रोजगार

**Company: Orion Security Services LLC.**
